साप्ताहिक
# गोरखा एक्सप्रेस
GORKHA EXPRESS NATIONAL WEEKLY
गोरखा एक्सप्रेस अनलाइनमा www.nepaltoday.com.np
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४३ अंक ४५ २०८२ असार १० गते मंगलबार (June 24, 2025) मूल्य रू. १०/

## भारतीय विदेशमन्त्री खतरा बन्दै



भारतका विदेशमन्त्री एस जय शंकरले नेपाली राजनीतिमा भारत तानिने गरेको छ । नेपालले सधैं राम्रो र सहज सम्बन्धको अपेक्षा गर्नु नहुने बताएर नेपाललाई झस्काएका छन् । सरकार परिवर्तन भएपनि सम्बन्ध राम्रो रहन्छ भनेर उनले नेपालमा सत्ता परिवर्तनको संकेत गरेका छन् । कालापानी लिपुलेक, लिम्पियाधुराको नेपाली भूभाग भारतको दावी गर्ने यिनै एस जयशंकर हुन् ।

नेपालको सत्ता परिवर्तनमा भारतले वास्ता गर्दैन भन्दै उनले छिमेक सम्बन्ध राम्रो गर्ने भारतको मनसाय पनि व्यक्त गरे । भारतले होस नगुमाउने पनि बताए ।

# गणतन्त्र बचाउन ३ दल एक




संसदमा भिजिट भिसाको महामारी फैलिएपछि जेठ १३ गतेदेखि अवरूद्ध संसद सुचारू हुनसकेको छैन । पूर्व एमाले नेता सभामुख भएकाले जबरजस्ती संसद चलाउन खोजे पनि संसदमा हरेक दिन धर्ना, नाराबाजी, बहिष्कारका क्रम रोकिएका छेनन् । संसदभित्र मानव बेचबिखनविरूद्ध छानबिन आयोग र गृहमन्त्रीको राजीनामाको आवाज गुञ्जिरहेकै छ । यसको चपेटामा प्रधानमन्त्री पनि परेका छन्, प्रधानमन्त्रीको बिरोध भएको छ, प्रधानमन्त्रीले संसदमा सवाल जवाफ गर्न पाउने अवस्था बनेको छैन ।

खासगरी कांग्रेसको टेको प्रमुख प्रतिपक्षी माओवादी अध्यक्ष प्रचण्ड बनेका छन् । प्रचण्डले गणतन्त्र बचाउनका लागि भनेर भिजिट भिसा मानव बेचबिखन प्रकरणमा सत्तापक्षमा उभिन पुगेपछि कांग्रेस एमालेलाई हाइसन्चो भएको छ । संसदमा राप्रपा, रास्वपा र अन्य भुरेटाकुरेको बिरोधलाई पेलेरै अघि बढ्ने नीति सभामुख देवराज घिमिरेले लिएका छन् । यद्यपि संसद असामान्य देखिन्छ ।

प्रचण्डले पहिले रास्वपाका रवि लामिछानेलाई साथ लिए । पछि भिजिट भिषा मानव तस्करीमा राप्रपा, रास्वपाको पनि नेता बनेर बिरोध जनाए । अकष्मात सत्ताधारी प्रम ओली, र देउवासँग गुप्तगु बैठक गरेपछि प्रचण्डको क्रान्तिकारिता र डाइनामिक लिडरशीप नेतृत्व गलित हुनपुग्यो, लत्तो छाडिदिएको देखियो । सत्ताले छानबिन गराउने भनेको छ भन्ने २ बुँदे आश्वासनमा माओवादीको खुट्टी भिजेको परालजस्तो हुनपुग्यो । जसले गर्दा ओलीको सत्ता अभेद्य बन्नपुग्यो ।

एकातिर राजतन्त्रवादीको आन्दोलनबाट आत्तिएको सत्ताले राजतन्त्रवादी दुर्गा प्रसाईलाई जेलमा कोचिदियो, राप्रपाका सांसद धवल शमशेरजस्ता नेतालाई मुद्दामा फसाइदियो । रास्वपाका अध्यक्ष रवि लामिछाने जेलमै छन् । साना पार्टीहरूलाई एकतावद्ध पारेर ओली नेतृत्वको सत्ता ढाल्ने र आफ्नो शक्ति पुनर्ताजकीकरण गर्ने माओवादीको सपना एकाएक देउवा निवासमा पुगेर टक्क रोकिएको छ ।

राप्रपाले समेत माओवादी ढुलमुल भएको, सत्तापक्षसँग अग्नि सापकोटोको सांसदपद लेनदेन मिलाएको आरोप लगायो । राजनीतिक बृत्तमा समेत प्रम ओलीको पासोमा प्रचण्ड परेको र आफूविरूद्धको छानबिन रोक्न लत्तो छाडेकोसम्मका आरोपहरू माओवादीमाथि लागेका छन् । हुन पनि प्रचण्डजस्ता डाइनामिक नेताले यतिबेला जुन चरित्र देखाएका छन्, त्यो धेरैलाई पाच्य भएको देखिदैन ।

संसदमा मानव तस्करी प्रकरणमा जेठ १३ गतेसम्म माओवादी, रास्वपा, राप्रपा सँगै थिए । एकाएक माओवादी थाक्यो, माओवादी सत्तापक्षमा देखियो । सुरूमा गृहमन्त्रीको राजीनामा, प्रधानमन्त्रीको समेत छानबिन हुनुपर्छ भन्ने माओवादी अब त्यस्तो आक्रामक स्वरूपमा छैन । स्थिति यस्तो छ कि संसदमा प्रमुख प्रतिपक्षी माओवादी होइन, रास्वपा र राप्रपा हुनपुगेका छन् । प्रधानमन्त्रीले बोलेको वास्ता नगर्ने स्थितिमा एमालेका सचेतक महेश बर्तौला र माओवादी सचेतक हितराज पाण्डेले सही गरेको दुई बुँदे छानबिन आयोग कता छ कता ?

यो सहमतिमा भिजिट भिसामा हुने अनियमितता र अध्यागमनसँग सम्बन्धित विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गरिरहेको अनुसन्धानलाई सरकारले आवश्यक सहयोग गर्ने र अध्यागमन र भिजिट भिसाको सम्बन्धमा देखिएका समस्या समाधान गर्न सरकारले आवश्यक अध्ययन,छानबिन गर्ने भनिएको थियो ।

प्रम ओलीले देउवालाई अघि सारेर प्रचण्ड र देउवावीच अनेकपटक छलफल भएकै हो । यो छलफलमा प्रमले के धराप थापे, देउवाले माओवादीलाई कुन आश्वासन दियो अथवा कुन सर्तमा भुलायो, राजनीतिक बृत्तमा रहस्यमय मानिएको छ ।

माओवादी सानादलको साथ छोडेर सत्ताधारीको सहयोगी बने पनि साना दलले बिरोध छाडेका छैनन् । निलो रिवन लगाएर माइतीघरदेखि संसद बैठकसम्म उग्र बिरोध गरिरहेकै छन् । कांग्रेस सचेतकले रास्वपालाई कारवाही गर्न र संसदबाट निस्काशन गर्न माग गरे । उनले बुझेनन्, निलो रिवन भनेको मानव बेचबिखन बिरूद्धको लोगो हो । यद्यपि निलो रिवनलाई असभ्य मानिदैन ।

राप्रपाले हरेक दिन संसद बैठक बहिष्कार गरिरहेको छ । रास्वपाले पनि नारावाजी गर्ने, बेल घेराउ गर्ने, सभामुख अगाडि पलेटी कसेर बस्ने र बैठक बहिष्कार गर्ने अनेक तरिका अपनाएर सत्तापक्षलाई दबाब बनाइरहेकै छन् । संसदमा बिरोध भएपछि बेठक चलाउनु असामान्य मानिए पनि सभामुखले त्यस्तो मानेका छैनन् । यसकारण सभामुख सबैको अभिभावक हुनुपर्नेमा एमालेकरण भएको आरोप लागेको छ । मानव तस्करीका विषयमा ६४ सालदेखिका ९ गृहमन्त्रीमाथि छानबिनको सवाल उठेको छ । के हुन्छ, सत्ताले के निर्णय गर्छ भन्न सकिदैन । खासगरी कांग्रेसको सोच स्पष्ट छैन । सभापति शेरबहादुर देउवाले आफ्ना ९ मध्ये ७ मन्त्रीलाई केही दिनमै फिर्ता बोलाउने र त्यसमा गृहमन्त्री पनि पर्ने अनुमान बढेको छ ।

## ११ गते वाम प्रदर्शन नहुने भयो



अमेरिकाले इरानमाथि गरेको आक्रमणविरूद्ध र इरान इजरायल युद्धमा शान्तिवार्ताको माग गर्ने वामपन्थी नेताहरूको असार ८ को बैठकको निर्णय उम्लिएपछि पोखिएको छ ।

वामपन्थीहरूले असार ११ गते माइतीघरमा वाम एकताको शक्ति देखाउने र अमेरिकाको इरानमाथिको आक्रमणविरूद्ध प्रदर्शन गर्ने सहमति बनेको थियो । यो सहमतिको विषयमा देव गुरूङले प्रचण्डलाई जानकारी गराएपछि गोष्ठी, अन्तरकृयासम्म गरौं, प्रदर्शन नै चाहिं नगरौं भनेपछि मच्चिएको बाम प्रदर्शनको डोरी थच्चिन पुग्यो भनेर एक वामनेताले जानकारी दिएका छन् । यसर प्रचण्डले प्रदर्शन नगर्ने भन्ने विषयमा देउवा र केपी ओलीवीचसमेत टेलिफोन कुरा भएपछि निर्णय भएको पनि उनले बताए ।

अधिकांश माओवादी नेताले एमसीसी संसदबाट पास गर्नुपूर्व सडकमा आगोबालेका थिए । ठूलै प्रदर्शनहरू भएका थिए । पछि एकाएक गायत्री मन्त्री प्राप्त भएपछि प्रदर्शन नगर्न जनाउ दिइयो, प्रदर्शनकारी घर घर फर्किए, माओवादीले संसदबाट व्याख्याको आवरणमा एमसीसी पास गरेका थिए । नेपाली राजनीतिमा कुन बेला कुनखालको यू टर्न आउँछ भन्न सकिने अवस्था छैन । किनकि स्वराज छैन, लोकतान्त्रिक गणतन्त्रको साइनबोर्ड झुण्ड्याएरमात्र के हुन्छ । कसको आन्द्रा कता जोडिएको छ, कसले कसरी खेल्छ, निर्णय गर्छ भन्नै सकिन्न ।

भनिन्छ, दक्षिण एसिया विशेषज्ञ अमेरिकी राजदूतको प्रभावमा परेर नेपालका कम्युनिष्टहरूले यू टर्न लिएका हुन् । विप्लवजस्ता क्रान्तिकारी समेत भ्रान्तिकारी हुनपुगेका छन् । यसकारण अब छिटै कम्युनिष्टहरूले पार्टीको नाम बदल्नुपर्ने सुझाव केही विश्लेषकहरूले दिएका छन् । नेपाली कम्युनिष्टहरूको राजनीति राजतन्त्रको चर्को बिरोध र संघीय गणतन्त्रको कुरा गरेर कतिदिन चल्ला ?

## गणित हेर्ने, गनाएको थाहा नपाउने



संसदमा गणित हेर्ने, सत्तास्वार्थका लागि जस्तोसुकै अप्रिय र जन-राष्ट्रघाती निर्णय पनि गर्नसक्ने र खासगरी लाभका लागि नीति, नैतिकता र आचरण गुमाएर राजनीतिक अपराधिकरणमा रमाउने यी तीन नेता गणित हेर्ने, आफै गनाएको थाहा नपाउने जस्ता छन् । एमाले र कांग्रेसको सरकार छ, प्रतिपक्षी माओवादी सत्तासँग मिलेको देखिन्छ ।

सरकार सँसदीय गणितमा निश्चिन्त छ तर राष्ट्रका सामु गम्भिर चुनौतिहरू सामना गर्न, बढ्दो बाह्य दवाब र घटनाक्रमको संकेत सम्बोधन गर्न सचेत र सक्रिय पटक्कै देखिन्न । भूराजनीतिक चुनौतिलाई नेताहरूले चिन्नै सकेनन् ।

बजेट आयो, विदेशी सहयोग झन झन घटेर गएको छ । अमेरिकाले सहायता रोक्यो र युरोपियनले आफनै सुरक्षा आवश्यकता र आर्थिक दवाबको भारका कारण सहयोग दिने अवस्था छैन । युद्ध र शान्तिको महामारीको थप समस्या विश्वभरि फैलिएको छ । वैदेसिक सहायताको मूल सुक्दैछ, राष्ट्रको घाँटी रसाउने कसरी ? नेपालले भारत र चीनलाई हेर्ने आर्थिक, राजनीतिक र कूटनीतिक क्षमता पनि गुमाउँदै गएको स्थितिले नेपालमाथि धान्नै नसकिने समस्या बढ्दैछन् । सत्ता र शक्तिका लागि गणित हेर्ने, आफै गनाएको चाल नपाउने, कस्तो गणतन्त्र यो ?

## गणतन्त्रमा : गल्ती



२०६५ जेठ १५ गतेको संविधानसभाध्यक्ष रहेका कूलबहादुर गुरूङले भन्नुभएको छ- गणतन्त्र घोषणा गर्नु हाम्रो भूल भएछ । उहाँले थेग्नै नसकिने दबाबका कारण गणतन्त्र घोषणा भएको हो । त्यो दबाब कहाँबाट आएको हो, त्यो कुन रहस्य हो, खोल्नुभएको छैन ।

## नेपालमा ग्यास, भारतमा छटपटी




नेपाल दैलेखमा मिथेन ग्यास भण्डारण स्रोत भेटिएपछि भारतीय मिडियामा तरङ्गित भएको छ ।

नेपाल पहाडी, तराई र हिमाली मुलुक हो । यो मुलुकमा प्राकृतिक खनिजको अपार भण्डार छ भन्नेमा शंका छैन । खासगरी आणविक हतियारका लागि आवश्यक उच्चकोटीको युरेनियमको भण्डार मकवानपुरदेखि अपर मुस्तासम्म नै भएपछि विश्वको ध्यान नेपालमा पर्नु स्वभाविक हो । खासगरी विश्वशक्ति नेपालको युरेनियम र बहुमूल्य प्राकृतिक स्रोतमा आँखा लगाएर र नेपाल विश्वकै रणनीतिक भूगोल भएकाले पनि नेपालको महत्व विश्वशक्तिले बुझेका छन् ।

चिनियाँ कम्पनीले ५ वर्षदेखि उत्खनन्, अध्ययन गरिरहेको दैलेखमा पेट्रोलियम पदार्थको सम्भावनाका आधारप्रमाणित भएको छ । अध्ययन रिपोर्टबाट मिथेन ग्यास फेला परेको जानकारी सार्वजनिक भएसँगै गत शुक्रबार अधिकांश भारतीय मिडियाले यसबारे चर्चा गर्दै नेपाल अब मालामाल हुने भयो भनेर खुशीको आवरणमा चिन्ता व्यक्त गर्दै भारतीय संस्थापनले हस्तक्षेप गर्नुपर्छ भन्ने आशय प्रकट गरेका छन् । जुन आपत्तिजनक छ ।

किनकि भारतको टाटा कम्पनीले नेपालका पहाडी इलाकामा फलाम खानी चलाएका थिए । ती खानी अरूको हात नलागोस् भनेर आफ्नो मातहत राखी सञ्चालन रोकेको धेरैवर्ष भयो । भारतको समाचार संस्था प्रेस ट्रस्ट अफ इन्डिया (पिटिआई) ले ‘पश्चिम नेपालमा ठूलो मात्रामा मिथेन ग्यासको भण्डार फेला पर्‍यो’ शीर्षकमा समाचार प्रकाशित गरेपछि भारतका थुप्रै सञ्चारमाध्यमले यसैलाई आधार बनाएर थरि थरिका समाचार प्रसार गरेका छन् । इन्डिया टिभीले ‘नेपाल मालामाल बन्दै’ समाचार दियो । नेपालमा चिनियाँ कम्पनीले यस्तो खोज गरिदिएको छ कि जसले ५० वर्षसम्म ग्यासको कमी हुनेछैन ।

साथै द इकोनोमिक टाइम्स, डेली एक्सिलेसर डटकम, आउटलुक बिजीनस, नवभारत टाइम्सले चीनले नेपालमा गाडिएको अर्बौं डलरको खजाना फेला पार्‍यो, नेपालको ५० वर्षसम्मको ग्यासको आवश्यकता पूरा हुनेभयो भनेको छ । खासगरी भारतीय मिडियाले नेपालमा खजाना भेटियो भनेका छन् ।

दैलेखको भैरवी गाउँपालिका-१ जलजलेमा चिनियाँ उत्खनन् टोलीले गरेको प्रारम्भिक प्रतिवेदनअनुसार त्यहाँ ११२ अर्ब घनमिटर प्राकृतिक ग्यास रहेको सार्वजनिक गरिएको हो । चिनियाँ टोलीको प्रतिवेदनअनुसार नेपाललाई ५० वर्षसम्म पुग्ने प्राकृतिक ग्यासको भण्डारण हो यो । स्मरणीय छ, वर्षदिनमा नेपालले भारतबाट सवाखर्बको ग्यास आयात गरेको छ ।

नेपालको यो ग्यास उत्खननमा ***चीनको जिओलोजिकल सर्भे कम्पनी***ले काम गरिरहेको छ । कम्पनीका अनुसार सन् २०२५ को डिसेम्बरसम्म अन्तिम प्रतिवेदन आउनेछ । चीनको चाइना जिओलोजिकल सर्भे भौगर्भिक अध्ययन र सिएनपिसी सिबु इन्जिनियरिङ कम्पनीले जमिनमा ड्रिलिङ गर्ने कार्य गरेका थिए ।

सर्भेमा खटिएका एक व्यक्तिका अनुसार ग्यास योभन्दा धेरै बढी भण्डार हुनसक्नेछ । यो त प्रारम्भिक नतिजामात्र हो । अन्तिम रिपोर्ट आउँदा नेपालमा ग्यासको ठूलै भण्डारको खुलासा हुनेछ । अहिलेलाई ४ वटा स्थानमा भण्डारण देखिएका छन् र अन्य स्थानमा पनि सम्भाबना प्रर्याप्त रहेको छ ।

यो रिपोर्ट आउनासाथ प्रधानमन्त्री केपी ओली आत्तिएर वर्षदिनमै ग्यास उत्पादन गर्ने लक्ष्यका साथ काम गर्न निर्देश गरेका छन् । जुन राजनीतिक आतुरता हो ।

## विश्वयुद्ध र शान्तिको सनसनी

इरान-इजरायल युद्धमा अमेरिका प्रवेश गरेपछि र अमेरिकी वर्ष बर्षक विमानले इरानका आणविक भट्टी ध्वस्त बनाइदिएपछि तेस्रो विश्वयुद्धको खतरा बढेर गएको छ । इजरायल र इरानवीचको मिसाइल हानाहानले ती मुलुकको संरचना, जनधनको ठूलो क्षति भएको छ । यसको पुननिर्माणमा वर्षौं त लाग्छ नै मुख्य सवाल विश्वशक्तिवीचको ध्रुविकरण हो । जसले तेश्रो विश्वयुद्ध निम्त्याउँछ कि भन्ने खतरा बढेर गएका कारण सनसनी विश्वभरि नै फैलिएको छ । इरानमा सत्ता परिवर्तनको मुद्दा उठेको छ, इरान अमेरिका र इजरायलसँग बदला लिने उत्तेजनामा छ ।

रूस र चीन पनि यो युद्धको कारण सचेत बनेका छन् । चीन सचेत हुनु भनेको उत्तर कोरिाय र पाकिस्तानमात्र होइन, रूस सचेत हुनु भनेको भारत पनि प्रभाव र दबावमा छ । जर्मनलगायत युरोपियन मुलुकहरू शान्ति प्रयासमा जुटेका छन्, राष्ट्रसंघ पनि शान्तिका लागि सकृय बनेको छ ।

अब के हुन्छ ? नेपालमा पनि तरङ्ग फैलिएको छ । ८ दलले इरानमाथिको वमवर्षा युद्ध अपराध भनेका छन् । जब कि आठै दल मात्र होइन, सत्तारूढ र प्रमुख प्रतिपक्षी दलका सन्तान र पूर्व र वर्तमान प्रशासकका सन्तानसमेत अमेरिकामा छन् । अमेरिकाले अझै कडिकडाउ नीति ल्याइदियो भने यिनको पारिवारिक अवस्था के होला ?






# मौद्रिकनीति र अर्थतन्त्रको निस्कृय रक्त सञ्चारले सुधार आउला ?



**रमेशकुमार बोहोरा :**

नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि मौद्रिक नीति निर्माणको प्रक्रिया आरम्भ गरिसकेको छ । प्रारम्भिक बहसहरू सुरू भइसकेका छन् तर मूल प्रश्न भने यथावत् छ के नेपालले स्वतन्त्र, वैज्ञानिक र देशको आर्थिक यथार्थमा आधारित मौद्रिक नीति ल्याउन सक्ला ?

नेपालजस्तो आयातमुखी र विकासोन्मुख अर्थतन्त्रमा मौद्रिक नीति कुनै अमूर्त दस्तावेज होइन । यो वित्तीय स्थायित्व, मुद्रास्फीति नियन्त्रण, ब्याजदर व्यवस्थापन, रोजगारी सिर्जना र समग्र लगानी वातावरणलाई प्रभाव पार्ने नीतिगत औजार हो । तर हालसम्मको अभ्यासले मौद्रिक नीतिको प्रभावकारितामाथि गम्भीर प्रश्न उठाएको छ ।

विनिमय दर भारतीय रूपैयाँसँग स्थिर (पेग) भएको अवस्थामा नेपालले स्वतन्त्र मौद्रिक नीति सञ्चालन गर्न सक्दैन । यो संरचना परिवर्तन नगरेसम्म मौद्रिक नीतिको कक्षा सीमित नै रहनेछ । आर्थिक संरचना पनि असन्तुलित छ आयात अत्यधिक, निर्यात कमजोर र विदेशी मुद्राको प्रमुख स्रोत रेमिटेन्समाथि निर्भरता रहेको अवस्थामा मौद्रिक नीति बनाउने स्पेस साँघुरो देखिन्छ ।

अहिलेको विश्व अर्थतन्त्र नै अनिश्चितता र सुस्तताले ग्रसित छ । सन् २०२५ को आरम्भमै विश्व बैंकले विश्व आर्थिक वृद्धिको दर २.३ प्रतिशतमा सीमित हुने प्रक्षेपण गरेको छ जुन पछिल्लो दशकको सबैभन्दा न्यून हो । अमेरिका, युरोप, चीन, भारतजस्ता राष्ट्रहरू आन्तरिक उपभोगलाई बलियो बनाउँदै मौद्रिक नीतिमा लचिलोपन देखाइरहेका छन् । त्यहीँ नेपालमा भने मौद्रिक नीति अझै संरचनात्मक अस्पष्टता, कार्यान्वयनको शिथिलता र नियामक कमजोरीको बन्दीजस्तो देखिन्छ ।

नेपालका वाणिज्य बैंकहरूसँग अहिले पनि करिब ६ खर्ब ५० अर्ब रूपैयाँ बराबरको तरलता उपलब्ध छ । तर कर्जाको माग खासै देखिँदैन । सन् २०२४ को अन्त्यतिर बैंकहरूले घोषणा गरेका नयाँ योजनाहरूमा लगानीकर्ताको रूचि झिनो रह्यो । ब्याजदर केही कम हुँदा पनि व्यवसायीहरू उत्साहित देखिएनन् । राजनीतिक अस्थिरता, नीतिगत अनिश्चितता, कर प्रणालीमा जटिलता र बजारको विश्वास संकट यसका मूल कारण हुन् ।

नेपाल राष्ट्र बैंकले चालु पूँजी कर्जा (ध्यचपष्लन ऋबउष्तबर्ी ायबल) व्यवस्थामा सुधार ल्याउने संकेत दिएको छ । तर बैंकहरू अझै कर्जामा कठोर शर्तहरू राखिरहेका छन् । व्यवसायीहरूले चालु पूँजीका लागि अनावश्यक दस्तावेज, धितो र जटिल प्रक्रिया भोग्नुपर्ने अवस्था छ । जसले गर्दा वित्तीय पहुँचमा सीमितता देखिन्छ । यस्तो अवस्थामा मौद्रिक नीतिले स्पष्ट, सरल र व्यावसायिक अनुकूल वातावरण सिर्जना गर्ने खालको प्रावधान ल्याउनैपर्छ ।

डिजिटल बैंकिङको क्षेत्रमा भने केही सम्भावना देखिएका छन् । राष्ट्र बैंकले डिजिटल बैंकको लाइसेन्स दिने तयारी गर्दैछ । सन् २०२५ को अन्त्यसम्म तीनवटा डिजिटल बैंकको प्रारम्भिक अनुमति दिने संकेत देखिएको छ । तर त्यसका लागि कानुनी संरचना, साइबर सुरक्षा, ग्रामीण पहुँच र वित्तीय साक्षरता अभिवृद्धि अनिवार्य शर्त हुन् । नगदरहित कारोबार प्रवर्द्धनका लागि स्मार्ट पे नेपाल, क्यूआर प्रणाली, मोबाइल वालेट आदिको प्रयोगमा केही वृद्धि देखिए तापनि तिनीहरूको प्रभाव ग्रामीण र असङ्गठित क्षेत्रमा अझै कमजोर छ ।

नयाँ गभर्नर डा. विश्वनाथ पौडेल पदभार सम्हालेपछि मौद्रिक नीति प्रति आशा जगिएको छ । तर यथार्थ कठोर छ राष्ट्र बैंक अगाडि पाँचवटा प्रमुख चुनौती छन् । पहिलो नेपाललाई एफएटिएफको ग्रे लिस्टमा जान नदिन प्रणालीगत सुधार गर्नु । दोस्रो निष्क्रिय पूँजीलाई उत्पादनमा रूपान्तरण गर्ने खालको नीति ल्याउनु । तेस्रो बैंकिङ प्रणालीमा ब्याजदर स्थायित्व ल्याउने यथार्थपरक उपाय अवलम्बन गर्नु । चौथो अर्थ मन्त्रालयसँग समन्वय गरी नीति स्पष्टता कायम गर्नु । र पाँचौं निजी क्षेत्र र आम नागरिकको विश्वास पुनःस्थापना गर्नु ।

विगत केही वर्षयता सरकारको पुँजीगत खर्च २० प्रतिशतभन्दा तल झरेको छ । बजेटको ठूलो हिस्सा तलब, भत्ता र प्रशासनिक खर्चमा खर्चिने प्रवृत्तिले विकास बजेट सङ्कुचित भएको छ । निर्माण व्यवसायीलाई भुक्तानी नदिने सरकारी ढिलासुस्तीले निजी क्षेत्र खस्केको छ । जसको प्रत्यक्ष असर कर्जा प्रवाह र आर्थिक गतिशीलतामा परेको छ । सहकारी क्षेत्रमा देखिएको अनियमितता पनि समग्र वित्तीय प्रणालीमा खतरा बनेको छ । बीउँ पुँजीका रूपमा परिचालित हुनुपर्ने निक्षेप रकम सहकारी सञ्चालकहरूद्वारा दुरूपयोग भएको, निक्षेपकर्तालाई फसाइएको र नियमनकारी संयन्त्र कमजोर रहेको यथार्थले वित्तीय प्रणालीमै विश्वासको संकट निम्त्याएको छ ।

बीमा, सेयर बजार, रियलस्टेटजस्ता क्षेत्रहरूमा देखिएको निरन्तर मन्दीले औपचारिकसँगै अनौपचारिक बजारमा समेत नकारात्मक संकेत पुऱ्याएको छ । लगानीकर्तामा अब पैसाको अभाव होइन विश्वासको अभाव देखिन्छ । जुन मौद्रिक मात्र नभई समग्र आर्थिक योजनाको त्रुटिपूर्ण स्वरूपको परिणाम हो ।

आजको आवश्यकता ब्याजदर र कर्जामा सीमित मौद्रिक नीति होइन । उत्पादन, रोजगारी, निर्यात प्रवर्द्धन र वित्तीय समावेशीतालाई केन्द्रमा राख्ने समन्वयात्मक, पारदर्शी र समावेशी मौद्रिक नीति हो । बैंकिङ प्रणालीको नियमन पारदर्शी बनाउनु राजनीतिक हस्तक्षेपबाट मुक्त गर्नु र निगरानी संयन्त्रलाई सक्रिय बनाउनु अब अपरिहार्य भएको छ । डिजिटल बैंकिङको सम्भावनासँगै जोखिम पनि छन् । साइबर सुरक्षाको जोखिम, ग्रामीण क्षेत्रमा प्रविधिको पहुँच, जनताको वित्तीय बुझाइ र प्रयोग व्यवहारलाई नहेरी लिइने नीति अल्पकालीन आकर्षण त बन्न सक्छ तर दीर्घकालीन समस्या निम्त्याउन सक्छ । डिजिटल रूपान्तरणका लागि पूर्वाधार, शिक्षा र व्यवहारको तयारी सुनिश्चित हुनु अनिवार्य छ ।

अन्ततः मौद्रिक नीति अब कुनै बन्द कोठाको प्रविधिक दस्तावेज बन्नु हुँदैन । अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, निजी क्षेत्र, कर प्रशासन र आम नागरिकको सरोकार समेट्ने समन्वयात्मक दृष्टिकोण अपरिहार्य छ । मुद्रास्फीति नियन्त्रण, उत्पादन वृद्धिमा प्रेरणा, कर्जा पहुँचमा सुधार, बैंकिङ प्रणालीमा विश्वास र वित्तीय अनुशासनका पक्षमा स्पष्ट दिशा नदिएसम्म मौद्रिक नीति केवल 'संकेतपत्र' मात्र हुनेछ ।

राष्ट्र बैंकले अब आफूलाई केवल नियामकको भूमिकामा सीमित राख्नु हुँदैन । नवगठित नेतृत्वले यसपटकको मौद्रिक नीतिलाई केवल बैंकहरूका लागि निर्देशात्मक मापदण्ड बनाउने नभई अर्थतन्त्र पुनर्जीवन गर्ने योजनात्मक दस्तावेज बनाउने हिम्मत देखाउनुपर्छ। नत्र मौद्रिक नीतिको आलोचना फेरि पनि यथावत् रहनेछ ।

*(लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ )*

# बजेटमा देखिएको असन्तुलन र राष्ट्रियताको प्रश्न



**डा. केशव देवकोटा**

*२०१४ मा सत्तामा आएपछि नरेन्द्र मोदीले 'भारत पहिलो'भन्ने नारा अगाडि सारेर आफ्नो देशलाई अगाडि बढाएको देखिएको छ । भारतको नेपाल नीति गलत र बिस्तारवादी भएपनि आफ्नो देशलाई एकताबद्ध गराउन र देशलाई अगाडि बढाउन सफल भएको देखिन्छ ।*

नेपालमा बिचित्रका राजनीतिक गतिबिधिहरू हुँदैआएका छन् । जसले देशलाई अगाडि बढाउनेभन्दा पछाडि फर्काउने काम गरेको देखिएको छ । गत आइतबारको प्रतिनिधिसभाको बैठकमा त्यस्तै दृश्य देखिएको थियो । जुन बैठकमा एकजना स्वतन्त्र सांसदले नेताहरूले देशका ७७ मध्ये पाँचवटा जिल्लामामात्र अधिकांश बजेट थुपारेकाले ७२ वटा जिल्ला चीन, अमेरिका र भारतलाई भाडामा लगाउने प्रस्तावगर्दा हंगामा भएको थियो । सुन्दा सामान्य झै लागे पनि त्यसको गहिरो र प्रतिकात्मक अर्थ रहेको देखिएको छ । अमेरिकाको राष्ट्रपतिमा डोनाल्ड ट्रम्पको आगमनले नेपालको राजनीति र अर्थतन्त्र दुबैमा संकटको सिर्जना भएको छ । यतिबेला नेपालमा भारत केन्द्रित अवरोध र अन्य घटनाहरू पनि त्यतिकै बढेर गएका छन् । ०६३ को राजनीतिक परिवर्तनपछि सत्ता र शक्तिमा आएकाहरूले नेपालको राजनीति र अर्थतन्त्र दुबै अमेरिकाको छातामुनी सञ्चालन गर्ने/गराउने प्रयास गरेका थिए । सुरक्षा ब्यवस्थालाई 'नेटो' निकट बनाउने र परराष्ट्र मामिलामा अमेरिकासँग सहकार्यगर्ने अभ्यासहरू पनि भए । संघीयता नेपालको मौलिक राजनीतिभन्ने प्रचार गरेपनि त्यो अमेरिकाको चाहना र सहयोगमा चलेको रहेछभन्ने ट्रम्पले रहस्योद्घाटन गरिदिनु भयो । त्यसो त यूरोपीयन यूनियनले पनि संसारमा कहीँ लगानीगर्ने ठाउँ नपाएजसरी नेपालजस्तो गरिव मुलुकको संघीयता बचाउन ऋण सहयोगगर्दै आएको रहस्य यसअघि नै खुलेको थियो । संघीयतामा कुन मुलुक/संस्थाको कति ऋण सहयोग प्रयोग भएको छभन्ने अब क्रमशः खुल्दै जाने छ । त्यतिमात्र नभएर सन् १९५१ देखि नेपाललाई सहयोगगर्दै आएको भनिएको युएसएडको सहयोग रोकिएपछि त्यसले पनि राजनीतिक उद्देश्यले रकम लगानीगर्ने गरेको रहस्य खुलेको छ । नेपालका कतिपय चर्चित नेताले त पार्टीको उच्चतहमा रहेकै बेला उक्त संस्थामा अबद्ध भएर काम गरेको र सो संस्थामार्फत अमेरिका नजिक पुगेकोभन्ने लगायतका रहस्य पनि खुलेका छन् ।

हाल फेरी नेपालमा एमसीसी फिर्ता गराउन जोरजुलुम भैरहेको देखिएको छ । ट्रम्पले संघीयता र युएसएडको रकम कटौती गरेर नेपाल र नेपालीका लागि ठूलो गुन लगाउनु भएको छ । तर जोजसले त्यसमा तरमारेमा थिए, उन्कालागि ट्रम्पको निर्णय सहीनसक्नु भएको पनि देखिएको छ । करिव एउटै समयमा अमेरिकी राष्ट्रपति ट्रम्पको नेपालसम्बन्धी निर्णयले नेपाललाई आत्मनिर्भर अर्थतन्त्रको ब्यवस्थागर्न झकझकाएको देखिएको थियो । तर आव ०८२/०८३ को बजेट आउँदा विदेशमुखी देखिएको छ । विदेशीलाई नेपालमा लागनीगर्न प्रोत्साहन गर्नेमात्र होइन नेपालीलाई विदेशमा लगानीगर्न खुल्लागर्ने जस्ता हास्यास्पद नीतिहरू पनि राखिएका छन् । जसले आम सर्बसाधारण नेपालीको मन छोएको छ । हुन त यसअघिका पूर्ब राष्ट्रपतिहरूका चिन्तापूर्ण अभिब्यक्तिहरू पनि बारम्बार बाहिर आउने गरेका छन् । त्यसैगरी पूर्ब राजाका भनाईहरू पनि देशको अवस्थाप्रति चिन्तापूर्ण नै रहने गरेका छन् । जसले यो देशलाई बिघटनमा पुऱ्याउन प्रयास गरेका थिए/गर्दैछन् उनीहरूको पूर्ब राजाप्रतिको आलोचना गैह्रराजनीतिक र अत्यन्त निकृष्ट खालको देखिने गरेको छ । ०६२ मा दिल्लीमा १२ बुँदे सहमतिको रचना गर्ने/गराउनेहरूको बोली र ब्यवहार दुबै राष्ट्र बिरोधी रहेको स्पष्ट छ । उनीहरूको प्रयास स्पष्टरूपले नेपाललाई आर्थिक, सामाजिक र राजनीतिकरूपमा अलगथलग बनाउँदै बिघटनमा पुऱ्याउने र कम्युनिष्टहरूलाई कम्युनिष्टकै आबरणमा सखाव बनाउनेमा केन्द्रित रहेको छ । उक्त दुई उद्देश्य पूरा गर्न/गराउनका लागि ०६३ को परिवर्तनपछि बिभिन्न एनजीओ/आइएनजीओमार्फत पूर्ब मेचीदेखि पश्चिम महाकालीसम्म तीनपटक सर्भे गरेपछिमात्र ०७२ को संविधान बनाइएको घटनाक्रमहरूले पुष्टिगरेका छन् । जसमा समाबेश गरिएका संघीयता, जातीय समाबेशी, समानुपातिक सहितको मिश्रित निर्वाचन प्रणाली र धर्मनिरपेक्षता सबै पश्चिमा राष्ट्र प्रायोजित एजेण्डाहरू हुन्भन्ने कुरा शुरूमै खुलेको थियो । हाल सो कुरा पुष्टि हुँदैगएको छ । जसलाई नेपालमा प्रबेश गराएबापत कस्ले कस्तो प्रकारको ब्यक्तिगत लाभ लिएका थिए, अब त्योपनि समयक्रममा खुल्नेवाला छ । उक्त एजेण्डाहरू नेपालको संविधानमा जसरी पनि घुसाउनुपर्ने भएका कारण त्यसलाई संविधानसभाका पूर्वशर्तहरू बनाइएका थिए । संसारमा करिव ४० देशमा संविधानसभाबाट संविधान बनाइएको पाइन्छ । तर नेपालमाजस्तो संविधानसभाको दुरूपयोग कहीँ पनि भएको थिएन । सबैभन्दा पहिलोपटक फ्रान्सले सन् १७८९ मा संविधानभाको अभ्यास गरेको थियो ।

त्यपिछि नर्वे, बेल्जियमहुँदै ट्युनिसियासम्म संविधान सभाको निर्वाचन भयो । तर नेपाल बाहेक कहीँपनि पूर्बशर्तहरूको भारी बोकाइएन । त्यसैगरी नेपालमा संविधानसभाबाट संविधान निर्माणगर्नका लागि करिव साँढे सातबर्षको समय र ३० अर्बभन्दा बढी रकम खर्च भएको थियो । सामान्यतया अन्य देशमा बढीमा दुईबर्षमा संविधान बन्ने गरेका छन् । त्यसरी बनाइएको ०७२ को संविधानले पनि देशमा चरम संकट बढाउने काम गरेको छ । नेपालजस्तो सानो भूगोल र करिव तीन करोड जनसंख्या भएको मुलुकमा ८८६ सांसद, झण्डै २०० मन्त्रि, राष्ट्रपति र प्रदेश प्रमुखगरी आठजना, सोही अनुपातका प्रधानमन्त्रि र मुख्यमन्त्रि, सभामुख र उपसभामुख, तिन्का सल्लाहकारको संख्या मात्रै करिव पाँच हजार रहेको अवस्था छ । मुलुकको कूल बजेटको ८३ प्रतिशत राजनीतिक परिचालनमा खर्च हुने र विकासलाई ठप्प बनाउने प्रबन्ध गरिएको छ । जसलेगर्दा आर्थिक बर्ष ०७१/७२ मा सार्वजनिक ऋण पाँचखर्ब ४० अर्ब रहेकोमा संघीयताको कार्यान्वयन गरिएपछि करिव १० बर्षको अवधीमा सो ऋण बढेर २७ खर्बभन्दा माथि पुगेको छ । हाल आएर कतिपयले आफैले जोडबल गरेर स्थापना गराएको गणतन्त्रलाई समेत 'बुर्जुवा गणतन्त्र' भएकोभन्दै बिरोधगर्न थालेको देखिएको छ । जसलेगर्दा संघीययता, गणतन्त्र, जातीय समाबेशी, धर्मनिरपेक्षतालगायतका ०७२ को संविधानका उपलब्धी भनिएका कुराहरू नेपाली जनताका लागि मुख्य समस्या बनेका छन् । जनयुद्धकालीन माओवादीको प्रमुख घटक क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालले त ०७२ को संविधानलाई देशमा बिद्यमान सबै समस्याहरूको जड भएको औपचारिकरूपमै ठहर गरेको छ । सो घटकले दोश्रो संविधानसभादेखि हालसम्मका कुनैपनि निर्वाचनहरूमा भागसमेत लिएको छैन । जसले पार्टीको महाधिवेशनबाटै ०७२ को संविधान खारेज गरेर जनसंविधानको घोषणा गरिनुपर्ने र देशलाई जनगणतन्त्रमा लानुपर्ने माग पनि गरेको छ । ०६३ पछि देशको शासन सत्तामा आएकाहरूले तत्कालीन राजाहरूले जति पनि कामगर्न नसकेको जनस्तरमा ठहर भैसकेको छ । देशभक्तिका हिसावले त हालका शासक र प्रतिपक्षमा रहेका नेताहरू तत्कालीन राजाभन्दा कैयन गुना पछिपरेका छन् । हालसम्म पनि कतिपयको नारा चरम क्रान्तिकारी र ब्यवहार चरम दक्षिणपन्थी अवसरवादी देखिँदै आएको छ । जसलेगर्दा नेपाली समाजमा बिभिन्न भ्रमहरूको सिर्जना भएको छ । ०६३ को परिवर्तनले देशमा संकट यति हदसम्म बढाएको छकि धेरैले 'देशनै रहने कि नरहने' अवस्थामा पुगेको टिकाटिप्पणीगर्न थालेका छन् । हाल विश्वलाईनै उदारवादी राजनीतिक ब्यवस्थाले चौतर्फी संकटको सिर्जना गरेका कारण कतिपय देश सैनिक शासनमा गएका छन्भने कतिपय देशमा राष्ट्रियतालाई प्रमुखता दिएर राजनीतिक ब्यवस्थाको संयोजनगर्न थालिएको छ ।

नेपालको छिमेकी चीनले सन् १९४९ मा जावादी क्रान्ति सम्पन्न गरेपछि हालसम्म 'देश पहिलो'को कट्टर राष्ट्रवादी नीति लिएका कारण विश्वको शक्तिसम्पन्न राष्ट्र बन्दैगएको छ । अर्को छिमेकी भारतमा पनि सन् २०१४ मा सत्तामा आएपछि नरेन्द्र मोदीले 'भारत पहिलो'भन्ने नारा अगाडि सारेर आफ्नो देशलाई अगाडि बढाएको देखिएको छ । भारतको नेपाल नीति गलत र बिस्तारवादी भएपनि आफ्नो देशलाई एकताबद्ध गराउन र देशलाई अगाडि बढाउन राम्रो नीति लिएको देखिन्छ । यसपटक अमेरिकी राष्ट्रपति ट्रम्पले पनि 'अमेरिका पहिलो'भन्ने नीतिलाई अगाडि सार्नुभएको छ । उहाँको भनाई अमेरिकी जनताले तिरेको करको रकम अन्य देशको राजनीतिमा लगानी नगर्नेभन्ने नै रहेको देखिन्छ । ०४६ सालको राजनीतिक परिवर्तनपछि शुरूभएको नेपालमा बिस्तारवादी र साम्राज्यवादीहरूको चलखेल क्रमशः उत्कर्षमा पुगेको छ । ०६३ पछि सत्ता र शक्तिमा आएकाहरूले हरक्षेत्रमा 'विदेश पहिलो' भन्ने नीति लिएको देखिएको छ । नेपालको जनशक्ति विदेशीन बाध्य बनाएर पनि विदेशी भित्र्याउने, विदेशी लगानी भित्र्याउने बहानामा पनि नेपालका उद्योग/ब्यवसाय बन्द गराएर विदेशीलाई नै प्रोत्साहनगर्ने, जन्मका आधारमा नागरिकता दिलाउन जोरजुलुम गरेर पनि विदेशी भित्र्याउनेजस्ता कामहरूहुँदै आएका छन् । हाल संसदमा नयाँ बजेटको बिषयमा जुन बिवादहरू सिर्जना भएका छन्, त्यसले राम्रो संकेत गरिरहेको छैन । यो देशभक्त नेपालीहरूले गंभिररूपमा चिन्तन मनन् गर्नुपर्ने बिषय भएको छ ।

सुरक्षित पानी, स्वस्थ जीन्दगानी
सफा रहौं, स्वस्थ बनौं

पानीजन्य रोग र सरसफाइको कमजोर अवस्थाबाट बच्न खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी तपसिलका क्रियाकलाप प्रवर्द्धन गर्नुहुन अनुरोध गर्दछौं ।

- सुरक्षित पानी पिऔं, यदि सुरक्षित नलागेमा पानी शुद्धीकरणका घरेलु विधि: उमाल्ने, क्लोरिन गर्ने, फिल्टरिङ गर्ने आदि विधि प्रयोग गरी मात्र पानी पिऔं ।
- ट्युबेलको वरीपरी सफा राखौं, दैनिक रुपमा ट्युबेल सफा गरौं ।
- चर्पीको नियमित प्रयोग गरौं, गराऔं, र चर्पी नियमित सफा राखौं ।
- दिसा गरेपछि, बच्चाको दिसा छोएपछि, खाना पकाउनु र खानु अघिपछि, फोहोर छोएपछि, बिरामीको हेरचाह पछि साबुन पानीले हात धुने एवं धुन लगाऔं ।
- बाहिर निस्कँदा नाक मुख राम्ररी छोपिने गरी अनिवार्य मास्कको प्रयोग गरौं ।
- कुहिने तथा नकुहिने फोहोरलाई वर्गीकरण गरी उचित रुपमा व्यवस्थापन गरौं ।
- घर वरपर जथाभावी पानी र फोहोर जम्न नदिऔं । खानेपानीका स्रोत, पोखरी, ताल तलैया, नदी, सामुदायीक वातावरण सफा राखौं ।

पानी जीवन हो, सरसफाइ संस्कार

खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग

# मुक्तक लेख्ने प्रयासहरू – जिन्दगीको बाटो लामो घुम्ति धेरै थिए

फाटेको माथि फाटेको कति पटक तुन्छौ आमा
साकार नहुने सपनाहरू व्यर्थै किन बुन्छौ आमा
जन्मिएको माटो र जन्मदाता बिर्सिए सन्तानले
अझै तीनै निष्ठुरीको यादमा कति रून्छौ आमा?



**- अरूणकुमार भुजेल, दार्जिलिङ**

मन्चबाट विपक्षीलाई घण्टौंसम्म गाली दिन्छन्
आज्ञाकारी छोराछोरीले पररर ३ ताली दिन्छन्
खासै तुक हुँदैन नेताको भासण र हाउभाउमा,
कार्यकर्ता थुम्थुम्याउन भोटे तुरूप फाली दिन्छन्!



**- शंकर ज्ञवाली**

जिन्दगीको बाटो लामो घुम्ति धेरै थिए
घुम्ति पिच्छे फरक फरक कथा मेरै थिए
बाधा अडचन दुख आसु पिडा कति कति
सबै मिली भन्दा रैछन् गल्ति तेरै थिए !



**- पुष्पा केसी भण्डारी**

कर्तव्यलाई साथ लिई हाँसी हाँसी जिउनु पर्ने
भावना र सपनालाई पानी सरह पिउनु पर्ने,
सोच्ने गर्छु कहिले काहीं भाग्य हो कि भार हो
दुवै घरको सम्बन्धलाई छोरीलेरू नै सिउनु पर्ने।



**- गीताश्री शर्मा, सिक्किम**

उनकै हँसिलो मुहार हेरिरहुँ जस्तो लाग्छ
उनीलाई अँगालोमा बेरिरहुँ जस्तो लाग्छ
अरूले के भन्छन् भन्दैनन् मतलव लाग्दैन
उनीले भनेको मात्र टेरिरहुँ जस्तो लाग्छ !



**- पवनकुमार बुढाथोकी**

बढे भ्रष्ट जाली फटाहा असाध्य
घिचे देश ठानी बुबाको सराध्य
सुनें लास पोल्ने किनी यन्त्र खाए
भएँ लेख्नलाई तितो सत्य बाध्य ।



**- उत्तम भेटवाल**



सवाल नगर्नुस् के कसरी किन मलाई पनि आउँछ
नमानेरै भन्छु लाज अप्ठेरो घिन मलाई पनि आउँछ
मेरो मौनतालाई मेरो कमजोरी नसम्झिदिनुस् बिन्ती,
ए हजुर मुखभरिका जवाफ दिन मलाई पनि आउँछ

**- लक्ष्मण गजमेर**



खोलावारी खोलापारी टाढा कहाँ थियौं, हामी
बीचमा सानोखोला थियो, वारीपारी थियौं, हामी
वारीबाट हेर्दा पारी तिमीलाई मात्र देख्थें म,
आउजाउ भइरहने सम्बन्धमा थियौं, हामी ।

**- जेबी खत्री**



सृष्टिकर्ता धर्ता भगवान शिव हुनुहुन्छ
सबैका लागि मूल्यवान शिव हुनुहुन्छ
बुझ्नुपर्छ र जान्नुपर्छ मनुष्यहरू सबैले
संसार चलाउने बलवान शिव हुनुहुन्छ ।

**- रिता खराल**




सिर्जनाका फूलहरू उम्रन खोज्दै थिए
कसरी सिध्याउने हो कसैले सोच्दै थिए
बिच बाटोमै अलपत्र पारिएका तिनी,
मर्ने कि बाँच्ने हो देश विकल्प रोज्दै थिए ।

**- अर्जुन अधिकारी**



भगवान तिमी त म भन्दा गरिब रछौ
सोच्थे सबैको मनमा बस्ने सरिफ रछौ
दुखी लाई दुख दिने नहुने सङ ऋण लिने
तिमी त सम्पन्नता सङग पो करिब रछौ ।

**- तारा आचार्य**



याद त्यो निष्ठुरीको मात्र आएको हुन्छ
जसले कदम-कदममा सताएको हुन्छ
वास्तवमा याद भने उसको आउनुपर्ने हो
जसले सधैं चोटमा मल्हम लाएको हुन्छ ।

**- विमल खतिवडा, सिलगडी**

# अवाक्‌भित्र नियाल्दा


## पुस्तक समीक्षा



*अरूणबहादुर खत्री*

लघुकथाकार रासाको अवाक् नामक लघुकथासङ्ग्रह २०८१ सालमा प्रकाशित भएको छ । यस कृतिभित्र उनले लेखेका अम्मल, अभिनन्दन, अवाक्, अस्तित्व, आतङ्क छाया लगायत विभिन्न शीर्षकका ४० वटा लघुकथाहरू राखिएका छन् । यसमा सङ्गृहीत ४० वटै लघुकथा पाठकलाई प्रभावकारी रूपमा आकर्षित गर्न सक्षम रहेका छन् । यस सङ्ग्रहभित्रको अम्मल शीर्षकको पहिलो लघुकथामा आज । लकडाउनको बीसौं दिन । घर बस्दा-बस्दा वाक्क-दिक्क भयो ऊ । कार्यालय जानु छैन । अन्यत्र पनि कहीं जानु छैन । केही गर्नु छैन । खाली घरमा बस्यो । खायो । पियो । तास खेल्नका लागि पनि साथीभाइहरू छैनन् भनेको छ ।

आदत शीर्षकको लघुकथामा घरका सम्पूर्ण सदस्यहरू एक स्थानमा भेला भए । उनीहरू भर्खर मात्र नयाँ भव्य घरमा बसाइँ सरेका थिए । काम नलाग्ने भाँडाकुँडाहरू जम्मै बेचबिखन गर्ने निक्यौंलमा पुगेका छन् उनीहरू । इतर सम्बन्ध शीर्षकको लघुकथामा घर




पुरानो जीर्ण अवस्थामा थियो । त्यो दुईतल्ले थियो । त्यहाँ केवल एक बृद्ध मानिस बस्थे । माथिल्लो तलामा उनी सुत्थे र छिँडीमा सिकर्मीको काम गर्थे । त्यो घरको पछाडि खुल्ला चौर थियो र झाडी पनि थियो । त्यहीँ उनी शौच गर्थे भनेर रासाले लेखेका छन् ।

सानो एउटा कुनै घटना भयो कि लघुकथा लेखिहाल्ने । त्यो लघुकथा भयो कि भएन भन्ने कुनै चिन्ता छैन रासालाई । लघुकथा नामले नै छोटो कथा भन्ने बुझिन्छ । तथापि यसले सिर्जित गर्ने कौतुहलता, रोचकता र मनमस्तिष्कमा झिल्का उठाउने गरी पर्ने तीक्ष्ण प्रभावले यसको प्रभावकारिता एवम् ख्यातिलाई बढाएको छ । उनले लेखेका लघुकथामा यौनतृष्णाका, मित्रताका, ठालुपनका, समलिङ्गीका विषयहरू आएका छन् । मानवीय जीवनका अनेक विकृति, बिसङ्गति उनले लघुकथामा उजागर गरेका छन् ।

सङ्ग्रहभित्रका सबै लघुकथाहरू सवाल्टर्निक छैनन् । रासाका प्रायः लघुकथाले गह्रुङ्गो औपन्यासिक खुराक बन्न सक्ने विषयवस्तुलाई लघुकथाभित्र अटाएका छन् । सूक्ष्मता, तीब्रता, घनत्व, व्यङ्ग्य, सन्देश, पात्रको सन्तुलन र विपरित मार्गबाट जीवनबोध गराउनु लघुकथाको आधारभूत तत्वहरू हुन् । रासाको लघुकथाको भाषा सरल, सहज र सुबोध्य छन् ।

लघुकथा भन्ने शब्दले छोटो कथा भन्ने अर्थ दिन्छ तर अंग्रेजी साहित्यमा भने जति लामो कथालाई पनि सर्ट स्टोरी भन्ने चलन छ । लघुकथाका सम्बन्धमा विविध परिभाषा, बिचार र दृष्टिकोणहरू छन् । जे भए पनि नेपाली साहित्यमा लघुकथाले आफ्नो अलग स्वरूप र विधा ग्रहण गरिसकेको छ । यसै सन्दर्भमा नेपाली समाजको यथार्थ भोगाइहरू यसभित्र लेखिएका लघुकथामा खारिएका, माझिएका र टलक्क टल्किएका छन् । थोरै लेखेर पनि गुणस्तरमा ध्यान दिन सके कृतिको महत्व बढ्नेछ । यस तथ्यलाई लघुकथाकार रासाले मनन गरेका छन् । रासाका लघुकथाको भाषा सरल छ । कसिएको छ । प्रस्तुति मिठो छ । सुरम्य छ । लघुत्व छ । सङ्क्षिप्त छ । पढ्दा निकै आनन्द आउँछ । उनका लघुकथा उनले देखेको व्यक्ति, समाज र राष्ट्रका साथै सुनेका घटनामा पनि आधारित छन् । यिनका कतिपय लघुकथा समय र स्थान सीमाका रूपमा पनि आएका छन् ।

मनमा बिझेका, मनलाई छोएका, देखे-भोगेका र कल्पनामा दौडिएका कुराहरू नै कथाका रूपमा आउने रहेछन् । यस सङ्ग्रहभित्रका प्रायः जसो लघुकथाहरू मलाई मन परेका छन् । लघुकथा अवाक्‌मा उनले प्रश्न उठाएका छन् मानिसजस्तो मानिस हुनुपर्छ कि पर्दैन ? बाबु र छोराबीचको संवादमा यो प्रश्न बालसुलभ हृदयबाट उत्प्रेरित भएको छ । कृतघ्न मानिसहरूप्रति उनले आक्रोस पोखेका छन् । रासाले जे लेखे पनि लघु आकारप्रकारमा लेख्छन् । उनका पत्रपत्रिकामा प्रकाशित फुटकर कथाहरूमा पनि यस्तो देख्न पाइएको छ । यस सङ्ग्रहमा सङ्गृहीत लघुकथाहरू त अझ स्वभावैले लघु हुने नै भए ।

कैद शीर्षकको लघुकथामा कवि बिरामी भए । आँखामा समस्या उत्पन्न । आधी उमेरमै मोतियाविन्दु जचाउँदा थाहा लागेको भनेर रासाले लेखेका छन् । दैहिक शीर्षकको लघुकथामा ऊ घरबाट निस्क्यो । सडकमा ओर्ल्यो । हिँडेर एउटा गल्लीभित्र पस्यो । एक घरको ढोकामा उभियो । पछि, भित्रियो भनेर लेखिएको छ । सम शीर्षकको लघुकथामा के भयो तिमीलाई ? कि मसँग रिसाएको ? मैले प्रश्न तेर्स्याए । फेरि मौनता । किन बोल्दैनौ ? भने सोधिएका छन् । समवेदना शीर्षकको लघुकथामा अचानक एक युवा नाटककारको असामयिक निधन भयो । देशका सम्पूर्णजसो पत्र पत्रिकाहरूले उनको अल्पायुमै भएको दुःखद मृत्युको समाचार प्रकाशित गरेको छ । लघुकथाकार रासाको अन्य कृतिहरू पनि प्रकाशित हुदै जाओस् भन्न चाहान्छु ।

*कृति: अवाक्   विधा: लघुकथासङ्ग्रह   स्रष्टा: रासा   प्रकाशिका: मङ्गला मानन्धर*

# Abstract Expressionmism_अमूर्त कला





***रमेश खनाल***
***कलाकार, कला समीक्षक***

इ.स.१९४० देखि १९५० का बीच न्यूयोर्कमा कलाकारहरूले अन्तर मनका संवेगहरूलाई सरल ढंगबाट बहन दिनु पर्छ भन्दै अमूर्त अभिव्यञ्जना शैली विकास गरेका थिए । ती कलाकार ज्याक्सन पोलक, मार्क रोयक, ल्कि फोर्ड स्टिल, फान्क क्लाइन, लि क्यास्नर, विलियम डि कुनिगं, रोर्वड मदरवेल र बरनेट न्यूमेन नै थिए । उनिहरूले थालेको अभियानलाई न्यूयोर्क स्कूल पनि भनिन्थ्यो । उनिहरू सबैको आफ्नै तरिका थियो । कोही कसैसंग कसैको चित्र मेल खाँदैन थियो । यस क्रममा आर्सि गोर्खे र एडोल्फ गोटलिभ चाहि सर्योलिष्ट विचार बाट प्रभावित थिए । उनिहरू वाह्य जगत विषयबाट टाडा हुँदै अवचेतन मन बाट चित्र प्रवाहित हुनु पर्दछ भन्दै चित्रहरू बनाउदथेँ । अझ कतिपय कलाकारहरू त धार्मिक र मिथलाई आधार श्रोत मान्दथे । उनिहरूले प्रसिद्ध मनोविज्ञहरू कार्ल गुस्ताय, जुंग, ज्यूविश खब्बालहरू र कृश्चियन कसलाई पनि प्रेरणाको स्रोत ठानेका थिए । यस क्रममा दुईजना कलाकारलाई एक्सन पेन्टर भनि चिनिए । ती थिए ज्याक्सन पोलक र विलियम डि कुनिंग । ज्याक्सन पोलकले चित्र बनाउँदा ठूलो क्यानभाषलाई भुइमा राखेर त्यसमाथि वट्टाबाट, ट्यूवबाट रंग चुहाएर, रंगमाथि रंग खन्याएर चित्र बनाउँथेँ । एक्सन पेन्टर भनेर विश्व जगतमा चिनिए ।

यसैगरि कलर फिल्ड पेन्टर्स का रूपमा मार्क रोथोक, वर्नेट न्यूमोन ल्कि फोर्ड स्टिल चिनिए । उनिहरूले सरल रंग संयोजन गर्नका लागि ठूल्ठूला क्यानभाष रोजे । जसमा एउटा मात्रै रंग लगाएर कला पारखीहरूलाइ Comtemplative or Meditative Response का रूपमा प्रेरित गरे । यी दुवै थरीका कलाकारहरू (Action painters and Color Field ) का विचार र दर्शनहरू समानता थिए । उनिहरू प्रायजसो : ठूलो क्यानभाषमा सबै क्षेत्रको समान महत्व दर्शाउदै रंग प्रयोग गर्दथेँ ।

यसरी कलाकारहरूमा नयाँ प्रयोगको धेरै प्रभाव पर्‍यो । थुप्रै तपाईले ग्रहण गरेर जब चित्र बनाउनु हुन्छ, तब त्यो अभिव्यञ्जना चित्र हुन्छ भन्ने विचारको समर्थन गर्दै जर्मन कलाकारहरूले स्वागत गर्दै थुप्रै चित्र बनाए । युद्ध पछि जर्मनका कलाकारहरूले धेरै दु:ख भोगे । निराशा, हिनत्तावोध, नर्भसनेस र मृत्युलाई नजिकबाट अनुभव गरे । उनीहरूले जीवनको गति, जीवनको किरण ह्रास भएको ठान्दै रंगको माध्यमबाट जीवनलाई पोख्न खोजे, जसलाई अभिब्यञ्जना भनियो ।

युरोपमा नाजि सरकार अर्थात हिटलर चान्सलरको बोलवाला थियो । उनी आफु पनि कलाकार भएतापनि आधुनिक कलालाई मन पराउदैनथेँ । अत : आधुनिक चित्र बनाउनेहरूलाई धरपकड गरियो । कयौ कलाकार हिटलरको त्राहिमामबाट न्यूयोर्क भागेर गए । यसरी यूरोपबाट पलाएन हुने कलाकारहरू Hans Nanuth, Yves Tamguy, Kay Sage, Mao Ernst, Jimmy Ernst, Peggy Guggenheim, Leo Castelli, Mared Duchamp, Andre Masson, Roberto Matta, March Chagall, Jacques Lipchitz, Fernand Leger, Piet Mondrian र साहित्यकार Andre Breton नै थिए । तर पिकासो, हेनरी माटासी, पियर बोनाड अमेरीका गएनन् । उनीहरू फान्समानै बसेर संघर्ष गरि त्यहीँबाट प्रख्यात भए । दोस्रो विश्व युद्धले युरोप आर्थिक, भौतिक र सामाजिक तवरबाट क्षति ग्रस्त भएको थियो । कलाको राजधानी पेरिस जीविकोपार्जन गर्न पनि सक्षम थिएन । त्यसैले कलाको राजधानी न्यूयोर्क सरेको थियो । जहाँ पैसा थियो त्यहाँ कलाकारको कदर हुन थालेको थियो । तर त्यहाँ अर्मूर्त अभिब्यञ्जनाकलालाई अगाडि बढाईरहेका हेन्स हफमेनले धेरै महत्वपूर्ण कार्य गरे । कलेजमा लेक्चर दिए । ग्यालरी खोल्नु पर्ने कन्सेप्टको विकास गरे । कला संमीक्षकको आवश्यकतामा वोध गराए ।




सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np

## सम्पादकीय

# संवैधानिक र प्रशासनिक सबै पदमा पार्टीका मान्छे, गणतन्त्र ?

पछिल्लो पल्ट गभर्नरमा पार्टीको मान्छे नियुक्त गरियो । गभर्नर पाएकोमा नेपाली कांग्रेस दङ्ग छ । तर देशको भताभुङ्ग भइसकेको अर्थतन्त्र पार्टीको मान्छेले कसरी सही ट्र्याकमा ल्याउन सक्छ ? पार्टीको मान्छेले पहिले पार्टीको निर्देशन र हितमा काम गर्छ, पार्टीको दबाबमा काम गर्छ, त्यसपछि उसले राष्ट्रिय आवश्यकतामा ध्यान दिनुपर्ने भएकाले पार्टीको मान्छेको प्राथमिकता पार्टी नै हुन्छ । दर्जनौं पार्टी छन्, हरेक सरकारी र संस्थानहरूमा पार्टीका भातृ संगठन छन्, ती संगठनले आफ्नै तर्फ राष्ट्रिय ढुकुटी तान्ने र आफ्नै लागि प्रयोग गर्न खोज्छन् । पार्टीकरणकै कारण मुख्य सचिवको नेतृत्वमा सचिवहरूले प्रधानमन्त्रीलाई धम्क्याए, अवकास पछि २ वर्षे कुलिङ् अवधि राखियो भने सामुहिक राजीनामा दिनेसम्मका घुर्की देखाए । सर्वसम्मतिमा पास भएर संसदमा पुगेको यो विधेयक पास गर्न सरकार नै हच्कियो । अर्थात् राजनीतिकरणको कारण माफिया, अपराधि र कर्मचारीको मिलोमतो बढेको छ, राष्ट्रिय हित जुनसुकै कारणले भए पनि प्राथमिकतामा पर्न छाडेको छ । यस्तै छ, शिक्षा विधेयक पनि । असार १५ मा पास गर्ने बचन दिएको सरकारले यो विधेयक असार १५ मा पास गर्नसक्ने र कानुन बन्ने छाँट कतै देखिदैन ।

अख्तियार, निर्वाचन आयोग, लोकसेवा आयोग, अदालतदेखि राजदूतहरूसम्म सबैतिर राजनीतिक नेता र कार्यकर्ताहरूको जगजगी छ । जता हेरे पनि पार्टीका मान्छे । पार्टीका मान्छेका काम फटाफट हुने, जनताको काम घूस नदिए त यताको फाइल उता पनि नसर्ने । ६ महिनामा सम्पन्न गर्छु भनेको संक्रमणकालीन न्याय सम्पादन १८ वर्षमा पनि टुङ्गोमा पुग्ने लक्ष्यण छैन । पीडितहरू कति मरे, कति मर्दैछन्, न्याय चाहियो भनेर चिच्याइरहेका छन् । आफू सत्तामा पुगे, आफ्नो पार्टीले बहुमत पाए यो समस्या समाधान गर्न सकिन्छ भन्ने नयाँ पासो थापिदैछन् । राष्ट्रको काम, जनताप्रतिको जवाफदेहीता कुनै पनि दल वा नेतामा छैन । भएको भए लघुबित्त, चक्रवर्ती ब्याजपीडित, सहकारी पीडित, हत्याहिंसापीडितहरू दिनदिनै आन्दोलन गरिरहेकै छन् । संसद छ, सरकार र प्रशासन छ, कानुनव्यवस्था केही पनि छैन । जता पनि लथालिङ्ग चाला छ । भ्रष्टाचार नभएको ७६१ सरकारका कुनै निकाय नै छैनन् । नेपाल दण्डहीनको आरोपमा थियो, अब भ्रष्टको आरोप खेप्दैछ । राष्ट्रको राजनीति दीशाभ्रमित हुँदा परराष्ट्र नीतिमा समेत बिचलन आएको छ । यसको मुख्य कारण भनेकै जता पनि हाम्रो हेर्ने, राम्रो नहेर्ने प्रवृत्ति हो ।

कार्यालय सहायकदेखि हाकिमसम्म, संवैधानिक निकाय सबैतिर पार्टीकै मान्छे चाहिने, नातागोता नै चाहिने, कोही नभए बोलकबोलमा नियुक्त गर्नुपर्ने । कुनै पनि युवाले, दक्षता र योग्यताको भरमा काम पाउने कुनै सम्भाबना नै छैन । यस्तो लोकतान्त्रिक गणतन्त्रको भारी बोक्न नसकेर हो, हरेक युवा प्लस टु पास गर्नासाथ विदेश जान चाहन्छ । गाउँदेखि सहरसम्मका युवा जसरी पनि विदेश जाने दौडमा छन् । वर्षको ५ लाख युवा तैयार हुन्छन्, त्यसमा १० प्रतिशतले नेता चिनेका कारण काम पाउलान्, बाँकी रोजगारीको खोजीमा विदेश नै जाने हुन् । नेपाल युवा निकासी गर्ने कारखाना बनेको छ । देशका युवालाई काम दिएर देशमै रोक्ने, विदेश गएकालाई स्वदेशमा आउन आकर्षित, आमन्त्रित गर्ने कुनै कार्यक्रम यो पद्धतिमा छैन । जो बुढा छन्, ती अनुभवी छन् सत्ताका लागि । देश कसरी बनाउने, देश कसरी मजबुत पार्ने, देशको स्वराज र आत्मनिर्भरता कसरी बढाउने भन्ने तिनमो सोच नै छैन । बुढा नेताहरूको सोच भनेको जसरी पनि आफ्नालाई शासन, प्रशासनका हालीमुहाली बनाउने र तिनलाई आफ्नो स्वार्थअनुकूल चलाउने भन्ने हो । राजनीतिक अराजकता र अपराधिकरणका कारण नियुक्त भएका ५२ जना ठूला पदधारीहरूको बारेमा अदालतले असार १८ गते फैसला सुनाउने भएको छ । त्यो फैसला ती ५२ हर्ताकर्ताको बिरूद्धमा आयो भने के होला, के सम्म होला ?

जेहोस्, संवैधानिक र प्रशासनका सबै हाकिम पार्टीकै मान्छे हुनुपर्ने रोग यो पद्धतिकै लागि र राष्ट्रका लागि महारोग हो । यो रोगको निदान हुनैपर्छ पहिले ।

# राजनीति सोचमा अपराधी सोच घुस्यो भने




राजनीतिक चरित्रमा अपराध मिसियो भने के हुन्छ ? जसरी महमा विष मिसियो भने विषालु हुन्छ, त्यस्तै हुन्छ राजनीति, अनि अपराध नीति बन्छ । लोकतन्त्र चलाउने राजनीतिक दिमागमा अपराध मिसिन पुगेको छ । यसकारण बहुदलको ३५ वर्ष र लोकतन्त्रको १८ वर्षमा राजनीति अपराध मिसिएको अपराधनीति बन्यो । विषालु भएका कारण राजनीतिले देश र जनताको हक मार्दै गएको छ ।

राजनीतिमा उतार चढाव आउँछ । गल्ती कमजोरी पनि हुन्छ । सुधार गर्न सकिन्छ । सुधार गर्न स्वच्छ सोच चाहिन्छ । इतिहासमा अनेक घटनाक्रम छन्, शिक्षा लिन सकिन्छ । जब अपराधलाई सर्वोच्च ठान्ने प्रवृत्तिको विकास हुन्छ, राजनीति अपराध नै बन्छ ।

३ सेप्टेम्बर १६५८ मा मरेका बेलायती गणतन्त्रवादी शासक ओलिभर क्रमवेलको चिहान खनेर उसको टाउको लण्डनको वीचबजारमा झुण्ड्याइयो । निरकूशताको प्रमाणका रूपमा मरेको बाघको जुँगा उखेरलेको त्यो घटना तत्कालीन सभ्यताको सुरूआत मानियो । नेपालमा हिन्दुवाद र राजतन्त्रलाई राजनीतिक आवेगको किलामा ज्यूँदै झुण्ड्याएर धर्मनिरपेक्षता र गणतन्त्र लाइयो । हिन्दुवाद र राजतन्त्र यिनले लेखेको संविधानमा शव होला तर अहिले पनि बाँचेकै छ । संविधान शब बनेर गनाउँदा धर्मनिरपेक्षता र गणतन्त्रको साँप्रा लुछ्ने र जुकाले जसरी रगत चुस्नेहरू बास्ना आइरहेछ भनेर आँखा चिम्लिरहेका छन् ।

नेपालको इतिहास साक्षी छ– जननिर्वाचित सदस्य थिए रामराजाप्रसाद सिंह । बिखण्डनको कुरा गर्दा संसदमै उनलाई चड्कन हान्ने निस्किए । २०६५ सालमा गणतन्त्र कार्यान्वयन भएपछि पहिले गिरिजाप्रसाद कोइरालालाई गणतन्त्र नेपालको पहिलो राष्ट्रपति मान्छु भन्ने प्रचण्डले मुख मोडे, आफै राष्ट्रपति बन्न चाहेको पोष्टर वाइसीएलमार्फत त्रिपुरेश्वरको मोडमा टाङ्न लगाए । गिरिजाप्रसाद र नेपाली कांग्रेसीको त्यतिबेला अनुहार हेर्न लायक थियो । सम्झना गर्दा हुन्छ । सिद्धान्तहीनताको त्यो पाप र पीपको पोखरी झै सुकेको छैन । राजनीतिमा आलै देखिन्छ ।

२०६५ जेठ १५ गते अवैध तरिकाले गणतन्त्र कार्यान्वयन गरेर किनारा लगाएका राजाले मेची महाकाली, राजधानीबाट पटक पटक सहमति, सहकार्य, संवादको आह्वान गरे, नेताहरूले टेरेनन् । राजाले जनता अब जाग्नुपर्छ, जनताले खोजे म यही छु पनि भने । जनता जागेका पनि हुन् । तर अपराधिक सोच भएका गणतन्त्रवादीले जनताको जागरणमा अपराध मिसाइदिए । जनताको ज्यान पनि गयो । न्यायिक छानबिन गरौं भन्दा जालझेलमा नेता रमाइरहे । लोकतन्त्रे नेताहरू लज्जाहीन बनेर हेरिरहे ।

२०६३ साल वैशाख ११ गते राजा र सात दलवीच कुनै प्रकारको राजतन्त्र मान्य हुने सहमति तोडेपछि कांग्रेसले हौसिएर आतंककारीको जुत्तामा खुट्टा हालेका थिए । हो, महेन्द्रको जुत्ता लगाएर माइलाछोरा ज्ञानेन्द्र सफल हुन सकेनन् । प्रचण्डको जुत्ता लगाएर गिरिजाप्रसाद तीन बल्ड्याङ् खाए । कांग्रेसजस्तो प्रजातन्त्रवादीले सर्वहारावादीको र मदन भण्डारी मान्ने पार्टीले सिद्धान्तलाई रेट्दा ऊ पनि सफल हुनसकेनन् । सफल व्यक्तिको जुत्ता लगाउँदैमा जुत्ता लगाउने अग्लो हुने होइन रहेछ । डा.रामवरण यादव कसरी राष्ट्रपति बने, विद्या भण्डारी कसरी सडकबाट शितल निवास पुगिन्, रामराजाप्रसाद सिंहलाई बोकेर हार खाएका प्रचण्डले कांग्रेसलाई मत हालेर रामचन्द्रलाई राष्ट्रपति बनाउनु परेको कथा हेर्ने हो भने नेपालको राजनीति र स्वस्थानीको लावण्य देश उस्तै उस्तै लाग्छ । प्रचण्ड सत्ताबाट फ्याँकिए, ओली प्रधानमन्त्री बने । यी दुबै वामपन्थलाई कांग्रेसले बोकेको हो । कांग्रेसको प्रजातान्त्रिक निष्ठा र सिद्धान्त धुलोपिठो, माटो बनिसक्यो । ८ वर्षमा जारी हुन नसकेको संविधान फास्ट ट्र्याकबाट ०७२ मा जारी गरियो र ०७४, ७९ मा आवधिक चुनाव भयो । यी दुबै चुनावमा कसैको बहुमत आएन, तानातानमै चल्यो, चलिरहेको छ । ०७९ को निर्वाचनमा एमाले पछाडि पर्‍यो, राप्रपा र राष्ट्रिय स्वतन्त्र पार्टी केही आशलाग्दा अनुहारसहित उदाएका हुन् । तर राजनीति उही हानाहाना, तानातान र सेटिङमा छ । यतिबेला सत्तामा भेटिने एमाले कांग्रेस र संसदमा देखिने माओवादी र साना दलहरू एकदोस्रालाई खुइल्याउन अग्रसर छन् । यस्तै छ नयाँ नेपाल थाङ्ने हाल ।

जनतामा आक्रोस बढ्दैजाँदा पहिले झलनाथ खनालले झापड खाएका थिए, पछि प्रचण्डले झापड र जुत्ता खाए । ओलीमाथि पनि जुत्ता प्रहार भइसकेको हो । अरू अग्ला भनिएका नेताहरू गाली खाइरहेका छन्, होच्चिएर बाउन्ने हुँदैछन् । जनताको सम्मान आर्जन गर्ने नेता एकजना पनि छैनन् । लोकतन्त्र गाईजात्रा बन्यो । इन्द्रजात्राको लाखेनाच र लोकतन्त्रका नेताहरूको चाला उस्तै छ । सांसदलाई सडकमै गोली हानेको घटना पनि नेपालमै भएको हो । हरेक नेता निरंकूशमात्र होइन, भ्रष्टाचारी पनि हुन् । नेताको इज्जत चोर आयो भन्ने स्तरमा झरिसकेको छ । संविधानलाई राजनीतिकरण गरेर कानुनव्यवस्थालाई अपराधिकरण गर्ने मूल नाइके बन्ने नेतृत्वको होडबाजीले यो अवस्था ल्याएको हो । यसकारण यो लोकतन्त्र होइन, पार्टीले हल्ला गर्ने हरेक प्रकारका बादको अन्तर्य हो ।

हिजो भुइँमान्छे प्रताडित भए, आज पनि भुइँमान्छे प्रताडित छन् । कहाँ आयो लोकतन्त्र ? भुइँमान्छेभित्रको आक्रोश आगो हो भन्ने कुरा इतिहासले पनि प्रमाणित गरेको छ । डढेलो लागेपछि सत्ता छेक्न सक्दैन । नेतृत्व सजग भए श्रीलंकामा जस्तो जनताले थुतेर दण्ड दिनुपर्ने छैन । हेक्का रहोस् ।

३५औं अमेरिकी राष्ट्रपति केनेडीलाई १९६३ मा गोली हानेर सिध्याइयो । बंगलादेशमा शेख मुजिवर रहमानलाई ढाकामै १९७५ मा गोली हानेर मारिएको हो । आइरन लेडी भनिने इन्दिरा गान्धीलाई सत्तामा भएकै अवस्थामा १९८४ अक्टोबर ३१ को दिन, आफ्नै सुरक्षागार्ड सतवन्त र बेअन्त सिंहले हत्या गरिदिए । अघिल्लो दिन भुवनेश्वरमा उनले भाषण गरेकी थिइन्– आज म यहाँ छु, भोलि नहुन सक्छु । नभन्दै भोलिपल्टै उनको हत्या गरियो । एउटै खालिस्तान मुभमेन्ट उनको हत्याको मूलकारण बन्यो । यसपछि पालो आयो इन्दिरा पुत्र राजीव गान्धीको । १९९१ मे २१ का दिन, तमिलनाडुमा तमिल लिवरेशन टाइगरले धनुमार्फत आरडीएक्स सहितको आत्मघाती बम बिस्फोट गराएर राजीव गान्धीको हत्या गरिएको हो । कर्ण हेजुलाई छाताको डाठले घोची घोची मारिएको घटना भक्तपुरेले बिर्सेका छैनन् । हत्याको श्रृंखलामा मिर्जा दिलसाद बेग, जमिम शाह, फैजान अहमद, ज्ञानेन्द्र खड्का, कृष्ण सेन, सार्दल मियाँ, नारायण पोखरेल, उमा सिंह, मैना सुनार, डेकेन्द्र थापाहरू पनि परे । पादरी ग्याफ्नी र जापानी भिक्षुको प्रकरण किन लुकाइयो ? १९९७ सालका हत्याराहरूबारे किन कोही बोल्दैनन् ? दरवार हत्याकाण्डमा वास्तविक दोषी किटान गर्न कसले रोक्यो ? दृष्टान्त अनेक छन्, किन आजका लोकतन्त्रबादी हुँ भन्ने लुटाह नेताहरू इतिहासबाट शिक्षा लिदैनन् ।

हुन त लोकतन्त्र, गणतन्त्रका नेताहरू लोक, गणका सामु उभिनै सक्दैनन् । यिनको हालत राज्यको सुरक्षा निकायले बचाइदिनुपरेको छ । जनताका सामु एक्लै पुगेका दिन जनताले यी नेताको छाला काढ्ने अवस्था जनाक्रोसमा देखिन्छ ।

समाजवादी हुँ भन्ने कांग्रेसले समाजवादलाई सम्भ्रान्तवादमा बदलिसकेको छ । जसरी पनि कमाउने कांग्रेसको समाजवाद हो । सर्वहारावाद, बहुदलीय जनवाद भन्नेहरूले किन खोजेनन्- १९९३ मे १६ का दिन विचारका प्रवर्तक मदन भण्डारी र जीवराज आश्रितलाई दासढुंगाबाट नारायणीमा कसले, किन खसाल्यो ? मदन भण्डारीकी श्रीमती ८ वर्ष राष्ट्रपति बनिन्, उनले समेत यसमा चासो देखाइनन् । के नेपाल अपराधको चिहान हो, चिहान खोस्रने कोही छैनन् ? र, २०६४ सालमा हिन्दु धर्म र २०६५ सालमा राजतन्त्रको बलिदान किन गरियो ? कुन जनबल र जनादेशको शक्तिले बली चढाइयो ? बलिदान गरेपछि प्राप्ति के भो ? आजका राजनीतिक नेतृत्वले वर्तमान र इतिहासलाई जवाफ दिनुपर्छ, त्यो दिन पनि आउँछ ।

एनसेल, वाइडबडी, बालुवाटारजग्गा, यति, भुटानी शरणार्थी र भिजिट भिसा प्रकरण, गिरिबन्धु बुढी गण्डकी अनेक छन् भ्रष्टाचार काण्डहरू । हत्याहिंसाको कहालीलाग्दो अवस्था रहेको छ । गंगामायाँ अधिकारीले किन न्याय पाइनन् ? टीकापुरमा किन दुधेबालकको हत्या गरियो ? निर्मला पन्तको बलात्कारी र हत्यारा को हो ? ३८ क्विन्टल सुन, ३३ किलो सुन र सिलसिलेवार हत्यारा को को हुन् ? यी सबैका बारेमा कुनै नेता बोल्दैनन्, किनकि यी सबै काण्ड प्रकाण्डमा यिनकै आन्द्रा जोडिन्छ ।

राष्ट्रिय ढुकुटी र राष्ट्रिय सम्पत्तिलाई फुपुको श्राद्धमा उडाएजसरी उडाउने शासकहरूले जे गरिरहेका छन्, त्यो निर्विकल्प जनताको बहुदलीय जनवाद नै हो त ? सर्वहाराको राजनीति गर्छु भन्नेहरू कर्महारा बनेका छन् । परिवर्तनबाट समृद्धि, शान्ति र सुखानुभूतिको अपेक्षा गर्ने सोझा जनताका सामु यी परिवर्तनका नायकहरू अर्काले ठड्याइदिएका बुख्याँचा, पुतला साबित भए । कुनै नेता छन् भने बोल, जवाफ देऊ । कसैमा हिम्मत छैन ।

लोकतन्त्र भन्नेहरूले भन्नैपर्छ– नेपाली कमारा हुन् कि सार्वभौमसत्ता सम्पन्न नागरिक ? नागरिकलाई कमारा ठान्ने हो भने लोकतान्त्रिक अग्रगमनकारी कोही पनि नेपाली हो भन्न लायक नै छैनन् । नागरिक सार्वभौम छन् भने नागरिकले नागरिक हक किन पाइरहेका छैनन् ? लोकतन्त्रलाई गायत्री मन्त्र बनाएर र समाजवाद भनेर जपिरहने अन्धभक्त मार्काहरू जनता हकारेर र लोकतन्त्र डकारेर मात्र पुग्दैन, नीति नैतिकता र सिद्धान्तमा पनि उभिनुपर्छ भन्ने किन बिर्सेका ? सार्वभौमिकता र लोकतन्त्रका बलात्कारीहरूले लोकतन्त्रको मर्म र महिमा मिचेर लोकतन्त्रको दुहाई दिइरहने ? जुनसुकै दलका हुन् कि सडकका हुन्, सत्तामहत्वाकांक्षी मार्काहरूलाई ज्ञात होस्– डाइनामाइटको आविस्कारकले साहित्यमा नोबेल पुरस्कार राखेका हुन् । मानवीय मूल्य र मान्यतामा, मान्छेको पहिचान र अस्तित्वमा डाइनामाइट प्रयोग गरिन्न भन्ने प्रत्याभूति थियो त्यो । त्यति पनि नबुझ्ने अवुझहरू जनताको बहुदलीय जनवाद र समाजवादको अर्थ बुझ्दैनन् भने त्यसको व्याख्या गर्न महेन्द्रले दियालो बंगलाबाट, मदन भण्डारी नारायणी नदीको कोखबाट, वीपी कोइरालाले अर्को जन्म लिनुपर्छ, कि यस्ता नक्कली मयुरपंखीहरू समाप्त हुनुपर्छ । यही अन्तर्य हो, भुइँमान्छेले पूजा गर्न तैयार गरेका आफ्नै प्रतिनिधिलाई गाला चड्काउनु, जुत्ता हान्नु र घृणा गर्नु । चेतनारहोस्, नेतृत्व सचेत होस् । होस् गर, मानवीयता र सिद्धान्त त्याग्ने र रक्तवीज नबुझ्नेले केही बुझ्दैनन् । रक्तवीज जाग्छ है ।

अन्तमा एउटा सुझाव अधिनायक र भ्रष्टवाद मार्काका हाम्रा चिन्तक, विचारक, शासक र विश्लेषकहरूलाई–

पशुपतिक्षेत्र, बागमती किनारमा विरूप विरूपाक्षको मूर्ति छ । विरूपाक्ष अर्थात यौनतृष्णाको अन्धोबेग, आमासँग यौनतृष्णा मेटाउने कुरूप । यो मूर्तिलाई कलियुगको मूर्ति पनि भनिन्छ । यो मूर्ति जमीनमा धसिएको छ । यो मूर्ति जमीनबाहिर निस्केपछि ध्वस्तयुग आउने छ भन्ने मान्यता छ। पशुपतिक्षेत्र जाने र अध्ययन गर्नेहरूका अनुसार यो विरूप विरूपाक्षको मूर्ति क्रमस: बाहिर निस्कदैछ । यो प्रसङ्ग यसकारण पनि महत्वपूर्ण छ कि मान्छेलाई विवेकी भनिन्छ, मान्छेका व्यवहार विवेकहीन बनेपछि बाँदर र मान्छेमा भिन्नता बाँकी रहन्न । यौनाङजस्तै दिमागमा भिरङ्गी सल्केपछि मान्छे कुन, पशु कुन ? जो सत्य बुझ्छन् र सही छन्, छायाँमा छन् । वर्तमान नेपालका राजनीतिक, सामाजिक, आर्थिक, बौद्धिक सबै क्षेत्र नैतिकहीन र छाडा यौनबजारजस्तै बनेको अनुभूति जो कसैलाई भएको हुनुपर्छ । चेतनशील समाजमा नेपालमा जस्तो मूर्दा शान्ति हुन्छ र ? देश त जिवन्त हुनुपर्छ, मर्दै गएको छ चेतना, हामी उभिएको भूगोल चिहानजस्तो लाग्छ । वीरको देशमा वीररस छैन, भ्रष्टाचाररस मात्र देखिन्छ । भ्रष्टाचारीको शासन भनेको जंगल हो, जंगलमा विषालु र डरलाग्दा जनावर पाइन्छन्, जंगलमा मान्छे बस्छन् र ?

यसकारण सवाल छ– कतै राजनीति विरूपाक्षको संस्करणमा त छैन ? अनुरोध यत्ति छ, नेतृत्वमा रहेका प्रत्येकले ऐनमा आफ्नै अनुहार हेरून् र अन्यायको टुकुचामा डुबेर कति सफा र सुग्घरी छौं, दिमाग कति स्वच्छ छ ? तत्काल आत्ममिमांसा गरून् ।


# राज्य किन संवेदनहीन भएको ?

प्लस टु पास भयो कि विदेश जाने लहर । राज्य कहाँ छ ? युवाविहीन राज्य कति दिन चल्छ ? युवा निकासी गरेर देश जर जर भइसक्यो, खोइ संवेदनशीलता ?



Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# राष्ट्रले बैज्ञानिक जन्माउनु पर्छ



सुरेशकुमार पाण्डे

हाम्रो देशको भूगौलिक संरचना र प्रकृतिक विविधताको गहिरो गरि अध्ययन गर्छौं भने प्रत्येक घरमा कम्तिमा एकजना बैज्ञानिकको जन्महुनुपर्ने हो । बिडम्वना घर घरमा एउटा धामी झाँक्री र बोक्सी र पेसाको लागि परोहित लाई जन्माएका छौं । त्यो मात्र होइन विवेकहिन दाश र झोलेलाई जन्माएका छौं ।

पाठशाला भनेको अध्ययन केन्द्र अर्थात् शिक्षण संस्था हो । स-साना बाल बालिका भनेको तरल मानसिक र सारिरिक स्वरूप हुँन । उनीहरू काँचो माटो जस्तै सरिर मात्र होइन मष्तिक पनि उस्तै हुन्छ । जता पनि ढाल्न सकिन्छ त्यसकारण उनिहरूलाई शारीरिक र मानसिक रूपबाट भौतिकवादी बिचारधारामा डोराउने गुरुहरूको कर्तव्य हुनुपर्छ । हाम्रो देशमा अन्य देशको तुलनमा विज्ञानका प्रकृतिक श्रोतहरू बढी भेट्न सकिन्छ । यो देशकै बनावट मधेश, पहाड र हिमाल अत्यन्तै रमाइलो र रोचक छ । जसलाई बुझ्न सकेपछि धेरै समस्या नै समाधान हुनसक्छ ।

हिमाल र पर्वतहरूबाट धेरै सिक्न सकिन्छ । उस्तै पहाड र तराईबाट पनि थुप्रै विज्ञानका श्रोतहरू भेट्न सकिन्छ। हामी बनमा काम गर्दै घाँस, दाउरा काट्दै रूखका हाँगाहरूमा बाँदर गुनाहरू जस्तै गर्दै आएका साइन्टिक हौं ।

कसरी उक्कालो-ओरालामा भारि बोकेर हिँड्यो, कसरी अग्ला रूखमा चढ्यौं कसरी ठुलाठुला ढुङ्गा पल्टायौं । यस्ता यावत विषय साइन्स नै हुन् । हामीले गरेकोलाई ब्याख्या गर्न न सकेर न जानेर पिछडिएको हुनसक्छौं । त्यस्तै प्रकारले रूढिवादी बिचारधाराको शृङ्खलावद्ध विकासले पनि विज्ञानलाई पछाडी धकेल्दै आफु अगाडि आएको परिणामले देश परनिर्भर बन्दै गएको छ । कसैलाई यो भनाइ अपच हुनसक्छ किन की हामीले जुन काम गरिरहन्छौं, बाटो पच्छाएका छौं त्यही ठिक सम्झिन्छौं ।

आजपनि एकाइसौं शताब्दीमा स्वर्ग नर्क, देवी देवाता र बोक्शी झाँक्री जस्ता बिचारहरू समाजभित्र छताछुल्लै छन् । नेताले भाकल गर्नु कस्तो लाजमर्दो कुरा ।

देशमा जातीय बिभेद हुनु समाजलाई टुक्रा पार्ने बिधि हो । धर्मको नाममा पाप गर्दै आएका मानव समाजले विज्ञानलाई बुझ्न सकिन । देशमा वेलाबखतमा लुटेराहरू धर्मात्मा बनेर समाजलाई गाइड गरेकाा हुन्छन् भन्दा अतिशयोक्ती नहोला ।

हामीले संसारबाट शंघर्षका कुरा त सिक्यौं तर को सँग र कुनवेला कसरि संघर्ष गर्नेबारे अनभिज्ञ रह्यौं । व्यवहारमा सकारात्मक रूपमा अप्नाउन सकेनौं । लडाईका लागि लडाई, बिरोधका लागि बिरोध गरेर बालबालिकालाई हिंश्रक बनायौं ।

बालबालिकाहरूलाई बिभिन्न गह्र र ताराहरूको परिचय दिन सकेनौं । न्यूटनको गुरत्वकर्षणको नियमबारे जानकारी दिन सकेनौं । डार्विनको विकासवादी सिद्धान्तको बारेम बुझाउँन सकेनौं, चारबगको सिद्धान्त बारे र गौतम बुद्धकोबारेमा बुझाउन सकेनौं । यथार्थवादी चिन्तन् आदि भन्दापनि हामी आफैले उब्जायका शास्त्र स्वर्ग,नर्क, भूतप्रेत, बोक्सी ,झाँक्री र कयौं भँदै नभएका चमत्कारको कथा सुनाएर बालबालिकाको मष्तिकमा कुपोषण भरिदिएपछि उनिहरू कस्ता हुनसक्थे ?

हाम्रो समाज कण्तमूलबाट मुक्त भयो तर सिकारी रोगबाट मुक्त हुन अझै सकिरहेको छैन । अझैपनि हाम्रो कुलकुलानीहरूलाई बली दिने चलन छ । मासिक धर्म भएको महिलालाई अछुत बनाएर छाउगोठमा पठाउने चलन छ । जातीय छुवाछुत बिरूद्धमा नियम बनाएका छौं तर त्यो अझै लागुहुन सकेको छैन् । यसको लागि समाजमा भौतिक ज्ञान हुनुपर्छ । जनचेतनास्तर उठ्नुपर्छ । संसारका कुनैपनि देशको इतिहासको अध्ययन गर्छौं भने हामी देख्छौं देशको विकास विज्ञानद्वारा नै भएको पाउछौं । कतै कुनै चमतकारी रूपबाट विकास भएको देखिदैन ।

हाम्रो छिमेकी मुलुक भारतको इतिहासमा पनि विज्ञानको उद्भव ईसा ३०००वर्ष देखि भएको देखिन्छ । हडप्पा तथा मोहनजोड्डौंको खनाईबाट प्राप्त सिन्धुघाटीको समाज त्यहाँका बासिन्दाहरूले विज्ञानिक दृष्टी अप्नाएको पाइन्छ । विज्ञान भनेकै समाजमा न भई नहुने शब्द ज्ञान हो । भारतमा प्राचीनकालका वैज्ञानिक जगदीश चन्द्र बोस पहिलो विज्ञानिक मानिन्छन् । उन्ले आबिस्कार गरेको एउटा रूखको लम्बाई र चौडाइ नाप्ने यन्त्र हो । यसरी आर्यभट, भाष्कर हुंदै आधुनिक विज्ञानिक ए पी जे अब्दुल कलाम लगायत हजारौं वैज्ञानिक जन्मिन सफल भएका छन् ।

तर हाम्रो देशमा त राजनैतिक पार्टीहरूले भागबण्डा लगाएर देशको ढुकुटी रित्ताउँदै आएकाछन् । यदि हाम्रो देशका विद्यार्थिहरूलाई पर्याप्त सुबिधा प्राप्त हुन्थ्यो भने हाम्रै देशले पनि सयौं हजारौं वैज्ञानिकहरूलाई जन्माउन सक्छ ।

पहिले अवस्था थिएन, अहिले गणतन्त्र आएपछि पाठशालालाई राजनैतिकका कर्मी उत्पादन गर्ने नर्शरी बनाइयो । अनि देशले कसोगरी वैज्ञानिक जन्माओस् । एउटा सियोदेखि उपभोग्य सबै बस्तुहरू आयात गर्ने मण्डी बन्यो हाम्रो देश । त्यो मात्र होइन मजदुर जन्माउने र निर्यातगर्ने विश्वको पहिलो देश नेपाल नै हुनुपर्छ ।

विश्वमा सुन्दर देश सबैभन्दा पौरखी र बहादुर निडर विरहरूको देशका नौजवान आज रोजगारको खोजिमा दुनियाभरी भौंतारिन्छन् । अनि विदेशी मुलुकहरूले चाहिंदाको भाँडो नचाहिंदाको ठाँडो गराएर देश निकाला गर्छन् । कसरी शान्ति आउछ ?

हामीले ठुला ठढुङ्गाहरूलाई गुल्टाउँन साप्लो प्रयोग गर्छौं भने त्यो पनि एक प्रकारको विज्ञान हो । साप्लो बनाउंने, बञ्चरो र कृषिका समान बनाउंनेहरूलाई त समाजले अछुत भनेर पाखा लगाउँछ । निदार खुम्चाएर गर्नु ?

विज्ञानले समाजमा मानिसहरूलाई जीवनको आधार सुख सुबिधा प्रदान गर्दछ । र नयाँ नयाँ खोज र आविस्कर विज्ञान कै देन हुन ।

चार्वाकले भन्छ यो चराचर जगतमा चार तत्वहरू बिधमान छन् पृथ्वी, अग्नि, वायु, जल, यही सृष्टीका मूलभूत तत्व हुन् । बाँकी स्वर्ग नर्क र इस्वर भनेका वाइहात र मनगढन्ते तत्व हुन् । आजको दुनियाँ खोजमूलक हुनुपर्छ ।

नीति बनाउने सवालमा हाम्रो समाज अब्बल छ । घर घरमा प्रत्येकले गफ लगाउँदा घन्टौंसम्म लगाउँछन् । आफैले भनेको बिषयलाई कार्यन्वयनको सम्बन्धमा एउटा सिन्को पनि सार्दैनन् । कुरा मार्क्स देखी माओ सम्मका, पृथ्वी नारायण शाह देखि ज्ञानेन्द्रसम्मका गफ लगाउँछन् । नेताका गफ लगाउँछन् । हरेकको जीवन रहस्यवादमा अल्झिएको छ । वैज्ञानिक भनेका त आकास पाताल खोजबिन गर्ने जटिल बाटो अप्नाएका ब्यक्ती हुन । हाम्रो देशमा त वैज्ञानिकहरूको उपहास गरिन्छ ।

निकोलस कोपरनिकस खगोल शास्त्री उन्ले पृथ्वीको बारेमा जो पत्ता लगाए त्यो पुरानो भएन बरू त्यसको थप विकास हुन्छ । उनले करिव १५०० वर्ष पुरानो गलत टालमीको बिचारलाई ओखलेर फाले ।,गैललियो ले पछि उनैको सिद्यान्तमा टेकेर पृथ्वी घुमने र सूर्यको स्थिरताको बारेमा थप पुष्टी गरेका हुन । यसरी विज्ञान भनेको प्रमाणित गरेको सिद्धान्त हो । त्यसको विकास हुन्छ विनास होइन । आजको संसारले प्रविधिको विकास गरेको छ जो विज्ञानबाटै सम्भव भएको हो । संसार अगाडी बढेको यो समाजिक राजनैतिक सन्दर्भमा हाम्रो समाजलाई कुनै नकुनै बहानामा रहश्यमय बातावरण तैयार पारेर पछिल्तिर ढकेल्दै पुन: उही रूढीवादी दलदलमा भास्न थालेका छन् । यसको सम्पूर्ण जिम्मेवार आजका नीति निर्माताहरू हुन् ।

नेपालको भगौलिक सम्रचनाले यहाँ विश्वमा सबैभन्दा बढी वैज्ञानिकको जन्म हुनुपर्ने । तर हाम्रो सामाजिक परम्पराले यहाँ त्यसको ठिक उल्टा बनाइदियो । समाज सचेत हुनुको सट्टा अचेत बन्दै छ । प्रत्येक बिषयलाई नकारात्मक ढङ्गबाट बुझ्ने र ब्याख्या गर्ने व्यवहारले हाम्रो देश नै पिछडिएको हो ।

# झन झन गहिरिदैछ : सहकारीको संकट

***सहकारीमा बचत फिर्तालाई मात्र जोड दिएका अवस्था छ ऋण लिएकाहरूलाई पनि समयमै यसलाई फिर्ता गर्न सहकारीमा आवद्ध सदस्यहरूले नै पहल गरे सहकारीमा कुनै समस्यमा छैन । सहकारी सम्बन्धी जुन प्रकारक् भ्रम छ त्यो हटाउनको लागि राज्य स्तरबाटै लाग्नु पर्छ स्वय सहकारी कर्मीहरू पनि लाग्न सकेको खण्डमा सहकारी बास्तबमा देशको अर्थतन्त्रको एउटा खम्बा बन्न सक्छ ।***

**बिष्णु गिरी 'निश्चल'**

पछिल्लो समय सहकारीहरूमा भएको सामान्य जनताको अबौं पैसा असुरक्षित छ । फिर्ता कहिले र कसले गर्ने निश्चित छैन । सडकमा जुलुस लागेको छ । सहकारी सञ्चालका भाग्नु पर्ने बाध्यता बनेको छ भने ऋण लगेकाहरूले ऋण नतिर्ने अनेको बहानाबाजी बनाईरहका छन् ।सहकारी क्षेत्रमा समस्या देखिए पनि तयार गरिएको राज्यको आवधिक योजना, नीति, कार्यक्रम बजेट कतै कुनै चर्चा छैन ।

सहकारीलाई धेरैले नाफामूलक उद्यमको रूपमा स्वीकार गरिनुले पनि पछिल्लो समय संकट आएको धेरैको बुझाई छ । सहकारी सिद्धान्तबाट चल्ने कानुनका आधारमा व्यवहार गरिने व्यवसाय हो । यो बहुजन हितायको अवधारणामा आधारित छ ।

समाजबाट साहुहरू विस्थापित गर्ने सहकारीहरू आज समस्यामा पर्दा बोल्ने कोही छैन । फौजदारी कानुनको 'निरापराधीले दण्ड पाउनु हुन्न' भन्ने सिद्धान्त पनि सहकारी क्षेत्रमा कार्यान्वयन भएन । समाज विद्युतीय कारोबार हुँदै केन्द्रीय बैंक डिजिटल करेन्सीको युगमा गयो तर सहकारीहरूलाई त्यसबाट बञ्चित गरियो । अहिले पनि समुदायमा आधारित, सुशासनमा संचालन भएका सहकारी संस्थाहरूले आर्थिक, सामाजिक रूपान्तरणमा महत्वपूर्ण योगदान गरेका छन् । मुलुकमा सहकारीको २००७ सुरूवात भएको मानिएपनि २०१० सालमा सहकारी विभागकै स्थापना भएको पाईन्छ । सहकारीको सुरूवात भने २०१३ मा चितवन जिल्लाको बखान सहकारीबाट सुरू भएको मानिन्छ । यो सँगै २०१६ सालमा प्रथम सहकारी ऐन जारी भएको थियो । सहकारी विभागका अनुसार झण्डै ४५ हजारको हाराहारीमा सहकारी छन यसमा पनि सम्पूर्ण जिल्लाहरूमा जिल्ला संघ, विषयगत जिल्ला संघ र केन्द्रमा विषयगत केन्द्रिय संघ र राष्ट्रिय संघहरू स्थापना गरेका छन् । सहकारीले वित्तीय पहुँच अभिबृदि गर्नका अतिरिक्त नेतृत्व विकास, सामाजिक एकीकरण, उद्यमशिलता प्रवर्द्धन, सामुदायिक सशक्तिकरण तथा गरिबी निवारणमा योगदान गदै आएको छ ।

सहकारीहरूको कार्यक्षेत्र सिमित र सानो रहेको छ । सहकारीमा निश्चित कार्यक्षेत्र तथा समुदायका मानिसहरू सदस्य रहेका हुन्छन् । सहकारी ऐन २०७४ मा कारोबार प्रकृति अनुसार सहकारी संस्थाहरूलाई वर्गिकरण गरिएको छ । सरकारले अबलम्बन गरेको तिन खम्बे अर्थनिति र देशको आर्थिक मेरूदण्डको रूपमा रहेको सहकारी अभियान लाई सफलता तर्फ उन्मुख गर्ने जिम्मेबारी अहिलेको आवश्यकता हो । सहकारीमा आएको संकटको समाधान गर्न सरकार र सरोकारवाला जिम्मेबार बन्नुपर्छ । सहकारी सदस्यको सक्रियतामा सञ्चालन हुने व्यवसाय हो । सहकारीलाई संस्थागत रूपमा बलियो, सुशासनयुक्त र व्यावसायिक रूपमा सञ्चालनका लागि सहकारी शिक्षासंगै उद्यमशिलताका विषयमा सचेत बनाउनु पर्दछ । सहकारीलाई राम्रो बनाउने मात्रै होइन, संकटमा जोगाउने पनि सदस्य हुन ।

अर्थतन्त्रमा आएको संकुचनसगै सन्दर्भ व्याजदरको क्यापिंग र ऐनका प्रवर्द्धनात्मक प्रावधानहरू कार्यान्वयन नहुनाका कारण वर्तमान समयमा सहकारीमा केही समस्या देखिएको हो । हाम्रो देश नेपालमा पनि करिब आधा जनसंख्याको पहुच सहकारीमा छन् । तर सिद्धान्तविहिन सहकारी वास्तविक रूपमा सहकारी हुन सक्दैन । विश्वविद्यालयमा सहकारी अर्थव्यवस्थाको विषयमा अनुसन्धान गर्ने र गराउने कार्य गर्नु पर्छ जुन आज सम्म हुन सकेको छैन । हाम्रो मुलुकको अर्थव्यवस्थाको खम्बा नीजि, सरकारी र सहकारी हुने भनिएको छ । अर्थतन्त्रको खम्बामा सहकारीलाई राखिएता पनि सहकारीको बिकासको लागि कुनै ठोस कार्यक्रम आएको देखिदैन । तरलता अभावले अहिले बैंक, वित्तीय संस्था तथा सहकारीहरूले



बिष्णु गिरि

लगानी रोकेको अवस्था छ । सानो सानो रकम विना धितो लगानी गरेर सदस्यहरूलाई थप पुँजी गर्नको लागि सहकारी उत्तम माध्यम भएको सदस्यहरूको बुझाई रहेको छ । प्रत्यक्ष सदस्यहरू सँग कारोबार गर्दै आएको सहकारी भएको हुँदा सहकारी प्रति सदस्यहरूको विश्वास र भरोसा पनि बैंक तथा वित्तीय संस्थाभन्दा बढी पाउन सकिन्छ । कोरोनाको कहरको बेला होस् की तरलता अभाव भएको बेला होस् या अन्य कुनै विपत्तिमा सदस्यहरूको हितमा सहकारी रहने गर्दछ । सदस्यहरूलाई बचत गर्ने बानीको विकास सहकारीले घर घरमा पुगेर गराउने गरेको छ । आफुले लिएको ऋण, आफ्नो बचत आफैले सुरक्षित गर्ने हो । तरलता अभाव भएता पनि सहकारी क्षेत्र फेरी उठ्ने छ । सदस्यहरूको बचत सदस्यहरूमै ऋण लगानी गरिएको हुँदा स्वंयम सदस्यहरू नै संस्थाको दिर्घकालिन विकासको मेरूदण्ड रहेको हुँदा संस्थामा नियमित कारोबार गरौं । आर्थिक कारोबार गर्दै सदस्यहरूलाई बचत गर्ने बानीको विकास, ब्याजको गणना साथै वित्तीय साक्षरता र सहकारी शिक्षाले सदस्यहरूमा सहकारी प्रतिको आकर्षण बढ्दो छ । दैनिक जसो ऋण तिर्दा ऋण तिरेको भान नै नहुने पनि सदस्यहरूको राय छ । अहिले बजारमा तरलताको अभाव भएता पनि सहकारी संस्थाहरूले सदस्यहरू सँग दैनिक बचत साथै ऋण असुलीले पनि सहकारी संस्थाहरूमा तरलता खासै अभाव भएको छैन । सदस्य सदस्य बीच बचत र ऋणको कारोबार गरिदा सदस्यहरू सचेत रहनु पर्दछ । कोरोनाको कहरले कयौं व्यापारीहरूलाई घरबार विहिन बनायो होला त कयौंले व्यापार व्यवसाय गुमाएको अवस्था छ तर स्थानीय स्तरमा सानो सानो ब्यापारको ढोका खोल्न सहकारी नै हुन त्यसैले सहकारीमा आएको संकट केही दिनको लागि हो यो चाडै समाधान हुनेछ । बचत कर्ताले जसरी सहकारीमा जम्मा गरेका छन त्यसैगरी ऋण लिएका सदस्यहरूले पनि समयमै आफ्नो ऋण जम्मा गर्ने हो भने सहकारीमा कुनै प्रकारको समस्या छैन । बचत फिर्तालाई मात्र जोड दिएका छौ ऋण लिएकाहरूलाई पनि समयमै यसलाई फिर्ता गर्न सहकारीमा आवद्ध सदस्यहरूले नै पहल गरे सहकारीमा कुनै समस्यमा छैन त्यसै सरकारले सहकारीलाई तिन खम्ब अर्थनितिमा एउटा खक्बा मानेको हैन सबैले बुझन जरूरी छ ।

संकट भित्र समाधान पनि हुन्छ त्यो खोजी गर्न सरोकार वाला निकाय लाग्नु पर्छ र सहकारी बचाउन स्थानीय, प्रदेश र संधिय सरकारको पनि हो यसको लागि सहुलियत दिनुपर्छ र सहकारी सम्बन्धी जुन प्रकारक् भ्रम छ त्यो हटाउनको लागि राज्य स्तरबाटै लाग्नु पर्छ स्वय सहकारी कर्मीहरू पनि लाग्न सकेको खण्डमा सहकारी बास्तबमा देशको अर्थतन्त्रको एउटा खम्बा बन्न सक्छ ।





# बहादुर शाहको २६९औं जन्मजयन्तीको प्रसङ्ग

महान देशभक्त, नायव बहादुर शाहको २६९औं जन्म जयन्तिको अवसरमा श्रद्धाञ्जली समारोह एवं समाजको लागि विशिष्ट योगदान पुऱ्याउनु भएका व्यक्तित्वहरूलाई कदर गर्दै राष्ट्रका होनहार व्यक्तिहरूलाई ेगी नरहरिनाथ ट्रष्ट आध्यात्मीक परिषदले वहादुर शाहको प्रतिमा स्थलमा सम्मान गरेको छ ।

गोकर्णेश्वर नगरपालिका मेयर दिपक कुमार रिसालको प्रमुख आतिथ्यमा भएको सो कार्यक्रममा शिक्षा दिक्षाका महासागर राष्ट्रवादीहरूको साझा संगठनका अध्यक्ष प्रा.डा. उत्तमकृष्ण कर्माचार्यले ३ करोड नेपाली मध्येमा एक साधारण माटोवादी, साधारण प्राध्यापक, साधारण नागरिक हुँ, त्रिचन्द्र कलेजमा पढ्दा "ज्ञान मर्दछ, हाँसेर, विज्ञान मर्छ रोएर" भन्ने बाक्यलाई आजको दिनले झनै महत्व दिएको छ विज्ञानकै कारण युद्ध भएका मात्र छैन हाल पनि इरान र इजराइल त्यस्तै युद्ध तर्फ धकेली रहेको दृष्टान्त छ भन्ने चर्चा गर्दै विश्व हिन्दू महासंघ पछिको दोश्रो ठूलो धार्मिक संस्था यहि परिषद हो भन्नु भयो ।

वद्री प्र. पोखरेलले भौतिकवादी भन्दा अध्यात्मवादी चिन्तन मानिसको लक्ष्य हुनुपर्छ भन्नुभयो । क्याप्टेन कुल प्र. लिम्बुले मातृभूमि नेपाल अहिले ज्यादै कठीन अवस्थावाट गुज्रदै छ, हामी मिलेर सहीवाटो तर्फ डोऱ्याउनु पर्छ भन्नुभयो ।

वरिष्ठ समाजसेवी अनन्त प्र. धौभडेलले भक्तपुरका ८ वटा विशेषता बारे रोचक ढंगबाट जानकारी दिंदै पाँचतल्ले मन्दिर भन्दा पनि मेरो घर पुरानो रहको पूर्व पट्टी फर्केको मेरो घरको जग मात्रै ४२ ईन्च रहेको, पाँच तल्ले मन्दिरको जग भनेको बाहिरी संरचना मात्र हो । ५ तल्ले मन्दिर ३२२ वर्ष पुरानो थियो मेरो घर ३३२ पुरानो रहेको छ भन्ने जानकारी दिंदै ८ वटा विशेषतामा जुजु धौ (राज दही), पाँच तल्ले मन्दिर, ५५ झ्याले दरबार, त्यसै गरी भक्तपुर नगरपालिका भित्री भागमा ९९% भक्तपुरवासी मात्र रहेको भक्तपुर नगरपालिका भित्र ने.म.कि.पा. को मात्र प्रतिनिधीहरूले नगरको विकास निर्माणमा तल्लीन रहेको बताउनु भयो ।

मुकुन्द आचार्यले वहादुर शाहको मरण हृदय विदारक थियो भन्दै राष्ट्र निर्माता पृथ्वीनारायण शाह देखि सपूतहरूको शालिक ढाल्नेहरूलाई सत्ता सुम्पनु पर्ने दृश्य हेर्नु पर्ने दु:खको कुरा भनेर बताउनु भयो । जर्नेल अमर पन्तले बहादुर शाहको जस्तो सपुतहरूका भूमिका खोजेको छ देशलाई वर्वादी तर्फ लानेहरूलाई दण्डित गर्नुपर्छ भन्नुभयो । साथै मेयर दिपक कुमार रिसालले शहीदहरू र राष्ट्रिय विभूतिहरूलाई सम्मान गर्ने उदेश्यका साथ अहिलेका युवाहरूलाई चेतना जगाउने अभियानमा हामी लागेका छौं भन्नुभयो । खेमराज सेढाईले कांग्रेसीहरू हिंड्दा खेरी पनि शिर निहुऱ्याएर हिड्नु पर्ने परिस्थिति कसले ल्याइ दिए भन्ने प्रश्न उठाउनु भयो ।

सभापति शंकर पौडेलले परिषदले दैवी प्रकोपवाट बचाउन शक्तिपीठहरूमा क्षमा पूजा गर्दै आएको बताउनुभयो । विष्णुगोपाल श्रेष्ठ, हास्यव्यङ्ग्य क्षेत्रबाट मुकुन्द आचार्य, सानुनानी लामा, राजनीति विश्लेषक खेमराज सेढाई पनि सम्मानित हुनुभयो ।

# In the context of the Heros and Builders the the Chartered Day 25 th June 2023, and the foundation and promotion of 22 Years of Young Rotary Club of Bhaktapur

## (2003- 2025 ) – Major Highlites of the Past Memories



*Rtn.Professor Dr. Uttam Karmacharya*
*Chartered Vice President 2003-4 and PP 2005-6*

***The first seed of Rotary club of Bhaktapur(RC Bhaktapur) was planted in Shiva Guest House on 6th October 2002 and hosted for several months of its regular weekly meetings and provided meeting venue and contact point. It was praiseworthy to note that Distinguished District Personalities had played a remarkable role to give birth to the Rotary Club of Bhaktapur taking care from the incubator of labor room to this field of social life: Service above Self.***

We are very grateful to former Assistant Governor (AG )Rtn. Puskar ManShakya who played a very important role as a Governor Special Representative (GSR) for establishing Rotary Club of Bhaktapur ; AG Rtn. GopalSundarLallKakshepati ; District SecretaryRtn. Shiva BhaktaRajbhandari;Born master trainer Rtn . DilendraShrestha; Rtn. William Ma; Chief Coordinator late Rtn.Dr.TikamanVaidya and Chief Counselor late Rtn. GopalRajbhandari. All of them have contributed a lot to establish Rotary Club of Bhaktapur. They deserved a special credit for the cause of promoting Rotary Club of Bhaktapur . We must express special honor anrespect to all of them in response to their valuable contributions provided to us before and after Charter Certification on 25 th June 2003. The charter dignitaries of RC Bhaktapur were :

1. Rtn. KP Tamrakar, Charter President (Discontinued /no more member )
2. Rtn . Professor Dr. Uttam K. Karmacharya, Charter Vice –president;
3. Rtn. Neel Krishna Tamrakar, Charter Secretary;
4. Rtn. Suresh Bdr. DhaubanjarDirector Finance (Discontinued ) ;
5. Rtn. YubakRajbhandari , Director Club Service (Discontinued /no more member );
6. Rtn. Krishna Pd. Awal, Director Community Service ;
7. LateRtn. Rajendra Pd. Jonchhen, Director International Service (Discontinued /no more member );
8. Rtn. Direndra Bdr. Mool, Director Vocational Service (Discontinued /no more member ) ;
9. Rtn. Uttam Bdr. Vaidya, Sergeant –at- arms (Discontinued /no more member).

Continued Eight Charter members are :

1. Rtn. KeshabDiwakar ;
2. Rtn. Om Krishna Shrestha;
3. RtnRabindraPuri ;
4. RtnSundarPratapRana ;
5. Rtn. ShyamSundarDhaubadel
6. Rtn. Krishna Pd.Awal
7. Rtn. NeelKrishna Tamrakar
8. Rtn . Professor Dr. Uttam K. Karmacharya,

Eleven Charter members have discontinued (No more members. Three of them were passed away)

My Major and minor observations as I recapitalized to date June 20 23

First in Rotary Club of Bhaktapur ( What and who is first in RC Bhaktapur )

**During the first year of RC Bhaktapur establishment social activities stated with tree plantation programtogether with BCCI, free cancer screening, blood donation coordinated by Rtn. Jaya SundarHada, book donation by byRtn. Kamal Mani Dixitand scholarship distribution initiated by Rtn. RabindraPuri from Germany provided by Rtn. Bruce Higgs.**

1. First donation for RC Bhaktapur was offered by Rtn .Keshav Diwakar around Rs. 45 thousand.
2. First donation was contributed from German Rotary Club for school buildingconstruction of Sarashwoti School through JorhBarhunder the initiation of Rtn. SundarPratapRana
3. First DGs Visit was from Indian Rotary District 3290Rtn. Amitabh MukarjiandRtn. PravirChakraverti and Rtn. SwapanMukarji (team members )
4. First DG Visit from Nepal Rotary District 1992 was by late Rtn. Dr. TikaManVaidya.
5. First scholarship from Canadian Rotary Club was supported by / through the initiation of Rtn. RabindraPuri and Scholarship distribution in Mathurapaati Secondary School PhulbaariKavre
6. First yearly scholarship was distributed through RC Bhaktapur atBhaktapurChamber of Commerce & Industries (BCCI) from the RC of Gonanaque Canada under the initiation of Rtn. RabindraPuri
7. First RC Bhaktapur President after Charter Certification of two years was Rtn. Professor Dr. UttamKarmacharya.
8. First RC Bhaktapur Souvenir coordinated and editor by Professor Dr. UttamKarmacharya
9. First Vice President wasRtn. Neel Krishna Tamrakar
10. First RC Secretary General wasRtn. SundarPratapRana
11. First official Secretary was Mr. Raju Man Bajracharya
12. First Message of RI President sent by Rtn. RajkumarRajgaria, District 3290Governer 2003-4
13. First RC Bhaktapur admin officewas established at Hotel Sweet Home with the initiation of Rtn. Om Krishna Shrestha
14. First participation in NepalDistrict Conference ofRI 3292 was joined at PragyaBhawan /at National Academy Kathmandu.
15. First office secretary was MrGyanendraPrajapati. Now he is in Belgium
16. First strategic plan was jointly prepared by Rtn . SundarPratapRana and RtnKrishneshowriHada for the Rotary year 2008-2009.
17. First Lady member was Rtn. KrishneshowiHada
18. First fellowship picnic was organized in MaturapatiBaardaliGhar under the initiation of Rtn.RabindraPuri
19. First Honorary memberwas Rtn. JorhBarh from Germany
20. First Nepal District DG of RI Distrct 3292 Visited RC Bhaktapur by Late Rtn. Dr. TikaManVaidya.
21. First Lady President of RC Bhaktapur was Rtn. KrishneshowiHada
22. First RC Bhaktapur Rotary Education /information Kit folder was developed and distributed to all members with the self-initiation by Rtn. SudarPratapRana.
23. First Rotary Walkathon March in Bhaktapur and closing ceremony at Durbar Square and collection of donation around twenty lacks .
24. First RCBhaktapur nomination as an advisor for District 3292 was Professor Dr. Uttam K . Karmacharya
25. First AG from RC Bhaktapur wasRtn. Krishneshowi Hada
26. First largest matching grant was approvedforShidhi Memorial Hospital Bhaktapuraround one lack and ten thousand US dollar with the initiation and coordinated by Rtn. Shree Shankar Pradhang
27. First international visitors from Canada was led by Rtn. RabindraPuri
28. First Maching grant for GharsitaMutu wa's signed from Nepal Distrct 3292 initiated by Rtn.SundarPratapRana
29. First donation for people with different abilities was offered to Mr.SumanPalikhel by providing three wheeler Motor cycle with the help of German Rotary club initiated by Rtn. Jorh Bahr
30. First participation in RI International convention was joined by the Past president Rtn. Om Krishna Shrestha in Florida
31. First RI President to visit RC Bhaktapur was by Ms. Jennifer Jones 2022-23
32. First Barista Training and Job placement was assigned in 2022 at Gapali Bhaktapur
33. First chief Guest attended from political parties by Respectable Chairperson Mr. NM BijukschhenRohit to opening session of newly constructed building called LateGangadharHada Memorial Building of Medha schoolBhaktapur 2023.
34. The first Rotary Felicitation was decorated to Mr. Tejeshwor Babu Gonga for his valuable contribution of promoting literature and culture under Rotary District 3290 and to Dr. RajanSuwal through Rotary District 3290.
35. First participation in foreign Rotary Clubsfor attending regular meetingsin the USA and Hong Kong was joined by Past president Professor Dr. UttamKarmacharya with the Power Point Presentation of Rotary Club of Bhaktapur
36. First highest Rotary members in 2022- 23, are 46 (forty-six ) as of 2023 June .
37. First highest Ladies members are 08 (Eightas of 2023 June )
38. First Rotract Club of Bhaktapur sponsored by RC Bhaktapur was Rotract Clubof Phoolbari
39. First Interact Club sponsored by RC Bhaktapur was Everest English School Bhaktapur
40. First major donor from RC Bhaktapur was Rtn . KeshavDiwakar (MPHF )
41. First Elderly President Professor Dr. UttamKarmacharya (as of today 2023 June)
42. First younger President was Rtn.. Neel Tamrakar as of today 2023 June.
43. First youngest Member is Rtn. PearlbigaKarkias of 2023 June
44. First lady President to participate in Rotary International Convention in Australia was by Rtn. Binita Hada (Pradhanang) with Rtn. Keshav Diwakar 2023.

Firstly, RC Bhaktapur Meeting was hosted Shiva guest house coordinated and initiated byRtn. Suresh Bdr. Dhaubanjar

Secondly, BCCI Bhaktapur was kind enough to host the RC Bhaktapur for several years starting from the initiation of Chartere president Rtn. KP Tamrakar .Thirdly,Hotel Sweet Home supported RC Bhaktapur venue for more than one decade with the initiation of Rtn. KP A w a l

Fourthly, Cafe Harati (Haarati ) did a wonderful job to provide meeting venue to RC Bhaktapur during these emergency periods for the years to come with the initiation of Rtn . Dr. Gyanendra Dhaubhadel . Congratulations Cafe Harati (Haarati ) Taumadhi Square and Gokhancha Café hosting 22 years of Young RC Bhaktapur on behalf of elderly continued charter members and the members of Rotary Club of Bhaktapur .

———————————

(Professor Dr. Uttam K. Karmacharya ( Ph.D)
Director, Dr. Iwamura Memorial Hospital Bhaktapur Nepal
Advisor,National Community for Festive Time Reform in Nepal and Bhaktapur Unit 2018
Chairman, Human Right Responsibility Nepal 2017
Director Iwamura College of Health Science Bhaktapur Nepal
Member of Bhaktapur District Court Judicial Coordination Committee 2016
University Grants Commission T F Member 2015
RI District 3292 Nepal-Bhutan, Member, District Advisory Council 2015
Consultant Adviser, Earthquake Mission Bhaktapur 2015
Chartered Vice President and PP of the First Rotary Club of Bhaktapur 2003
Adviser/ BOD Shiddi Memorial Foundation (Children and Women Hospital) Nepal 2000.
Visiting Professor to several Countries and Universities.
Former adviser and consultant to Banepa Municipality and Bhaktapur Municipality.
Worked in more than 15 countries through ACCU/ UNESCO and Ministry of Education
First Research Consultant and Team Leader to Nanjing University China for Rural Education)

# Smash And Grab

*By Sunanda Datta Ray*

CHAPTER 17 **Thumb Impression**

For having made this culmination possible, B. B. Lal was made governor of Sikkim the very day that the amending Bill received the president's assent. The national flag was unceremoniously hauled down on 18 May; the ancient standard was henceforth to fly only in the palace and in the Chogyal's flat in Calcutta. India House, formerly the Residency, became Raj Bhavan, and even more the hurra kothi when Lal moved in as governor. contd.....

But it was a sadly denuded mansion. Since the property had been taken over by the Home Ministry, the Ministry of External Affairs removed its deep carpets, fine china and gleaming silver; old prints and the library of rare volumes on Tibet, Bhutan, and Sikkim were also taken away by South Block. The absence of elegance did not trouble Lal; but His Excellency-as the new governor loved to be called—was soon down in Calcutta, buying curtain material and haggling over the price of thick pottery bowls in the cheaper wholesale markets. He found more congenial consolation in Sikkimese obsequiousness: even durbar officials and some of the Chogyal's relatives tried to appease the governor with gifts of fruit, flowers, momos (steamed Tibetan dumplings), and cakes baked by the palace chef. The reality of power was so readily acknowledged because the monarchical tradition had been reinforced in the popular mind. Lal was not just "another little Chogyal," as an Indian opposition MP derisively put it; he was far more an
absolute ruler than the Chogyal had ever been.

"There are about 27 sentry boxes around the palace, and it looks as if the Chogyal is going to stay put for the whole summer," wrote Lhanzin-la from Gangtok. It was also a lonely incarceration, for
his staff deserted him in adversity. Since they were all on the government's pay roll, they were asked to decide whether they wished to remain in official service. However, the question was camouflaged, it meant did they wish to be transferred to the general administration or continue as private employees of the palace. The only person (except, possibly, one or two of the servants) to
place loyalty above career was Mrs Ongkit Targain, a bubbling little woman with iron-grey hair who had been the Chogyal's stenographer and typist since the mid-fifties. Karma Topden had already left: Manuel went to the new government guesthouse; the three ADCs were found official berths; Paijor Tashi, Lhanzin-la's husband band, joined the tourism department; and Jigdal Densapa drew his salary and enjoyed his official jeep without formal duties, since Lal did not trust him enough to place him in an appropriately senior post. But he preferred this limbo to serving his ruler. "I must confess I was a little surprised at Jigdal" was all that the Chogyal could bring himself to say by way of criticism. "The ADCs wouldn't have gone if he hadn't." Being already in Calcutta, Karma Topden was spared an uncomfortable choice; he flirted with the idea of returning to the palace and talked of launching a new nationalist party but shied away when the Chogyal took him at his word and made an attractive offer.

Apart from the faithful Mrs Targain, the Chogyal also had the services of Roland Chhetri, the Guards captain who returned to the palace to serve as ADC, staff officer, and general factotum, when his army career petered out in the Sherwani prison camp. An old woman and a young man, both Nepalese, were all the retainers left to the brooding king. Everyone else, including politicians, civil servants and close relations—all of whom had benefited enormously from his patronage was far too busy securing private interests under the new dispensation to bother with a dethroned and dispossessed monarch. And what was Sikkim left with¿ The strict legal answer would be the status quo ante. If the resolutions and referendum were acknowledged to have swept away the 1974 Act, then they also restored the rightful legality of earlier laws, agreements, and institutions. Sikkim's traditional monarchy enthroned in customary law, deriving sanctity from Buddhist belief, solemnized by the
oath of Kabi, and legitimized by centuries of recognition by China, Tibet, Nepal, Bhutan, Britain, and India remained, shorn of the restrictions imposed in 1974 when a new office was created for the existing incumbent. So did the 1953 constitutional Proclamation and the entire system of political, administrative, and judicial management that had prevailed until the intervention. The 1950 treaty also came into its own again as the only binding compact between India and Sikkim, clearly defining the former's rights and establishing the latter's status as a protected kingdom with an unambiguous International identity.

India tried to evade problems arising out of this de jure return to the past through carefully worded legislative precautions. Clause 3 (m) of the Constitution (Thirty-eighth Amendment) Act read:

Neither the Supreme Court nor any other court shall have jurisdiction in respect of any dispute or other matter arising out of any treaty, agreement, engagement or other similar instrument relating to Sikkim which was entered into or executed before the appointed day and to which the government of India or any of its predecessor governments was a party.

Som Dutt Sharma's petition in the Delhi high court, Rasaily's in the Gangtok Central Court, and Hariomal's interim injunction were thus sought to be nullified by a stroke of the pen. So, in effect, was the treaty. If this were accepted, then a criminal might as well be permitted to bestow immunity on himself against legal prosecution. The law exists to protect rights, not to defend lawlessness. Another clause in the Act reserved for New Delhi more direct authority than it enjoyed in any Indian state. Clause 3(g) vested the governor with "special responsibility for peace and for an equitable arrangement for ensuring the social and economic advancement of different sections of the population of Sikkim." In theory, this was supposed to mean that the governor should protect Bhutiya-Lepchas from being overrun by the Nepalese. In practice, it concentrated, contd....




कीर्तिपुरको युद्ध :

ललितपुर राज्यअन्तर्गत कीर्तिपुर एउटा बलियो किल्लाको रूपमा पर्खाल र खाडलले घेरिएको शहर थियो । यस शहरलाई लिनको लागि गोर्खाली सेनाले वि.सं. १८१४ मा बडामहाराज पृथ्वीनारायण स्वयमको नेतृत्वमा र वि.सं. १८२२ मा राजकुमार सुरप्रताप शाहको नेतृत्वमा असफल हमला गरेता पनि अन्तमा नाकाबन्दी लगाइ युद्ध नै नलडी किल्लाप्रमुखले कीर्तिपुरको पश्चिमी ढोका खोलेर आत्मसमर्पण गरेपछि वि.सं. १८२३ मा कीर्तिपुर गोर्खालीको हात पर्‍यो । पहिलो युद्धमा बडामहाराज झन्डै काटिइसकेका थिए । यो युद्धको कुरा गर्नासाथ एकाथरिले नाक काटेको कुरा ल्यायर हुन्डरी मच्चाउँछन् । क्रमस... अर्को हप्ता पूरा विवरण ।

उक्त समुहलाई पङ्क्तिकारको अनुरोध के छ भने त्यो जमानामा नेपाल, हिन्दुस्थान, युरोप, चीन, मुसलमान देशहरूमा समेत 'धोकाधारी' काम गर्ने जो-कोहीलाई सेनामा र दुश्मन पक्षमा नाक काट्ने सजाय थियो, कतिपय मुस्लिम देशहरूमा त अहिले पनि छ । अर्को कुरो नेपालमा त वि.सं. १९११ को अन्तिम नेपाल-भोट युद्धमा धोका दिने नेपाली सेनालाई रसुवागढीमा नाक-कान काटिएको दस्तावेज छन् । अर्को उदाहरण 'जनयुद्ध' नाम दिइएको हिजो-अस्तिको आन्तरिक लडाइँमा समेत माओवादी समुहहरूले मान्छेका के-के काटे ? वर्णन गरेर साध्य छैन । त्यस्ता घटना उस जमानामा गरिन्थे । हो हाल आएर मानवअधिकारको आँखाबाट र संसारले निकालेको युद्ध सन्धिअनुसार पछिका दिनहरूमा यस्ता कार्य दण्डनीय र निन्दनीय छन् ।

कान्तिपुरको युद्ध :

कान्तिपुर पर्खालले घेरिएको बलियो किल्ला थियो । वि.सं. १८२५ को इन्द्रजात्राको दिन मध्यरातमा बडामहाराजाधिराज पृथ्वीनारायण शाहकै नेतृत्वमा स्वयंले टुँडिखेल, भीमसेनस्थान र नरदेवी तीन दिशाबाट एकै पटक हमला गरी सफलता मिलेको थियो । मुख्य हमला टोली नरदेवीबाट बढेको थियो । यो लडाइँमा कान्तिपुरका सेना एक जना पनि मारिएनन् । पृथ्वीनारायण शाह सोही रातमा कान्तिपुरको राजगद्दीमा बसी कान्तिपुरको समेत राजा होइबक्सीयो । त्यसको केही दिनपछि नै पाटन राज्य पनि बिना लडाइँ नेपालमा गभियो ।

भक्तपुरको युद्ध :

पृथ्वीनारायण शाहको मितबाबु राजा रणजित मल्लको राज्य भक्तपुर वरिपरि पर्खालले घेरिएको अति नै बलियो किल्लाको रूपमा रहेको थियो । उपत्यकाको लडाइँमा सबैभन्दा कडा प्रतिकार भएको यस युद्ध दुई दिनसम्म चल्यो । बाक्लो घर बस्ती भएकोले नेपाली सेनालाई घर र दरबारको छानाहरूबाट गोली चलाउनुपरेको थियो । वि.सं. १८२६ मार्ग १ गते (१० नोभेम्वर १७६९) को दिन भक्तपुरमाथि विजय भयो । नेपाल एकीकरणका लडाइँमा दुवैतिरका सबैभन्दा धेरै सैनिकको मृत्यु भएको यहीबेला हो ।

जुम्लाको युद्ध :

बाइसी राज्यअन्तर्गतको जुम्ला तत्कालीन बाइसी र चौबीसी राज्यहरूमध्येको सबैभन्दा बलियो र बाइस हजार सेना भएको राज्य थियो । यहाँका चौतारा (राजाका भाइ खलक) शोभान शाहीले नेपालको विरूद्ध तिब्बतको दलाई लामालाई सहयोग पुर्‍याउँदै आएका थिए । यस राज्यविरूद्ध नेपाली फौजले आक्रमण गर्नु ठुलो जोखिम मोल्नुसरह थियो । यद्यपी काजी शिवनारायण खत्री, सर्दार प्रवल राना मगर र सर्दार कालु पाँडे (ब्राम्हण)ले नेतृत्व गरेको करिब २००० फौजले तीन दिशाबाट हमला गरी १९ अक्टोबर १७८९ को दिनसम्म पूरै जुम्ला नेपाली सेनाले कब्जा गरेपछि शोभान शाही भागेर तिब्बत गए । यस लडाइँमा नेपाल विजय भएको प्रभावले गर्दा कुमाउँ क्षेत्रसम्मको युद्धमा अरूले नेपालीसँग डटेर युद्ध लड्ने आँट गर्न सकेनन् ।

कासीको युद्ध :

राजा प्रतापसिंह शाहको पालामा कलकत्ताको लागि नेपाली वकील दिनानाथ उपाध्याय खट्टिएका थिए । त्यसबेला हाल भारतको बनारस इलाका विजयगढ राज्यअन्तर्गत थियो भने राजा चेतसिंह थिए । अङ्ग्रेजहरू राज्य विस्तारको सिलसिलामा बनारस पुग्दा भारतीय मूलका फौजबाहेक सबै अङ्ग्रेजहरूलाई चेतसिंहको फौजले बन्धक बनायो । अङ्ग्रेजलाई आपत परेको त्यस घडीमा गोर्खाली फौजको बहादुरी सम्झियो र कील दीनानाथमार्फत कासीमा पक्रिएका अङ्ग्रेजहरूलाई छुटाउन नेपाली फौज पठाउन अनुरोध प्राप्त भयो । त्यसपछि राजा र भारदारहरूको सल्लाहमा काजी धौकलसिंह बस्न्यातको नेतृत्वमा वि.सं.१८३४ मा ५ कम्पनी फौज पठाइयो । उनको सहयोगी कमान्डर सर्दार पार्थ भण्डारी थिए । तर उक्त बन्धक कान्ड दुईतर्फबाट लेनदेनमा सकिएकोले नेपाली सेना हाल चितौनको माडीमा रहेको सोमेश्वर गढीबाट फर्केको थियो । नेपालको इतिहासमा अङ्ग्रेजको लागि पठाइएको यो पहिलो सैनिक सहयोग थियो । त्यसपछि वि.सं. १९१४ तदानुसार सन् १८५७ मा भारतीय सैनिक बिद्रोह नियन्त्रण गर्न नेपालले फौज पठाएको थियो ।

काँगडाको युद्ध :

नेपाल एकीकरण युद्धमा सफलता हासिल गर्दै पश्चिम हानिएका नेपाली फौजले अति नै बलियोसँग बनेको र पहाडको टुप्पोमा रहेको काँगडा किल्लालाई करिब ४ वर्षसम्म घेराबन्दी गरी बस्यो । यो किल्ला राजा संसार चन्दको थियो । राजा संसार चन्दले पंजावको राजा रणजित सिंहसँग ठूलो सैन्य सहयोग लिएर संयुक्त हमला गरेपछि नेपालीको नराम्रो हार भयो । सेनापति बडाकाजी अमरसिंह थापा नेपालतर्फको कमाण्डर थिए । त्योभन्दा अगाडि नै काजी नयनसिंह थापासहित ३०० जति नेपाली सेनाले यसै किल्लामा वीरगति प्राप्त गरेका थिए । यो युद्ध नेपालीको पक्षमा हुन सकेन र यस भन्दा अगाडि नेपाली सेना बढ्न नसकेपछि वि.सं. १८६६ (२४ अगस्त १८०९) बाट पश्चिमी एकीकरण अभियान अन्त भयो । यो युद्धलाई नेपाल एकीकरणको पूर्णबिराम मान्न सकिन्छ ।

झुंगाको युद्ध :

तिब्बतसँग नेपालले गरेको सन् १७८८ को यो पहिलो युद्धमा करिव १५००० नेपाली फौजले भाग लिएका थिए । राजकुमार बहादुर शाहको नायवीकालमा भएको यो हमला कुती र केरूङबाट भएको थियो । कुतीक्षेत्रको नेतृत्व काजी श्रीकृष्ण शाह र केरूङ क्षेत्रको नेतृत्व काजी कीर्तिमानसिंह बस्न्यातले गरेका थिए । केरूङको झुंगा युद्धमा भोटेहरू हार खाएपछि २ जुन १७८९ मा केरूङसन्धिबाट टुंगियो ।

बेत्रावतीको युद्ध :

भोटले केरूङको सन्धिलाई उल्लंघन गरेपछि सन् १७९१ को सेप्टेम्बरमा काजी अभिमानसिंह बस्न्यातको नेतृत्वमा तिव्बतमाथि दोश्रो पटक कुती र केरूङबाट हमला भयो । नेपालीले पुर्ण सफलता प्राप्त गर्दै रहेको यस युद्धमा पछि गएर चीनले भोटलाई सैन्य सहयोग दिएपछि नेपाली फौजले विलम्ब युद्ध अर्थात् डिलेइङ ब्याटल लडी बेत्रावतीसम्म पछि हट्नुपर्‍यो । काजी दामोदर पाँडेको नेतृत्वमा २० अगस्त १७९२ मा चीन र तिब्बतको संयुक्त फौजलाई बेत्रावतीमा नेपाली फौजले हराएपछि सन्धि भइ युद्ध अन्त भयो । यसलाई नेपाल-चीन-तिब्बत युद्ध भनिन्छ । नेपालले 'विजय युद्ध' लेखेको छ । तर चीनले यसलाई उसको विजय युद्ध लेखेको छ । खाँटी कुरो, बेत्रावतीको सन्धि पढ्ने हो भने यो लडाइँले नेपाललाई साथ दिएको देखिँदैन ।

जितगढको युद्ध :

यो लडाइँको लागि मुख्य सैनिक हेडक्वार्टर तानसेन र युद्धकालीन मुकाम नुवाकोट गढी थियो । सुरूमा त अङ्ग्रेजहरू शिवराज (स्युराज) गढी हुँदै पाल्पाको बल्ड्याङ गढी क्षेत्रबाट तान्सेन पुग्ने योजनामा थिए । तर यो बाटो अप्ठेरो भाकोले पछि तिनाउ नदीलाई मुल केन्द्र बनाइ तानसेन कब्जा गर्न अघि बढेका थिए । एक पृतना अर्थात् डिभिजन सेना केवल तिनाउ नदी किनाराबाट मात्र आउँछ भन्ने हामीले कल्पना नगरे हुन्छ । यस्तो हमलामा कम्तीमा पनि ५ किलो मिटरको मोहोडामा अगाडि बढ्छ, बढ्छ । अर्कोतर्फ कर्नेल उजीर सिंहले यो कुरा बुझेर माथा गढी, बल्ड्याङ गढी, दाउन्ने गढी, नुवाकोट गढी, काठे गढी, ब्याक्मी गढी, तिनाउ नदी किनाराको झाडीमा समेत फौज तैनात गरेका थिए । वास्तबमा, यो हाल जित गढी भनिएको यसको खास नाम बुटवल गढी हो र यो नेपाल अङ्ग्रेज युद्धपछि मात्र बनेको तोप हान्ने गढी हो । यस्तो गहिरो स्थलमा इन्फेन्ट्री सेनाको लागि गढी बन्दैन । अर्थात्, नेपाली सेनाको युद्धकलामा यस्तो गहिरो ठाउँमा कतै इन्फेन्ट्री गढी बनाएको छैन, सेन राजाको पालाको गढी भनिएको छ । यो बारेमा थप अनुसन्धान हुनैपर्छ ।

अर्को कुरो यसलाई किन जित गढी भनियो त ? यसको सही जवाफ छैन । राष्ट्रिय अभिलेखालयमा भयको प्रमाणमा समेत बुटवल गढी नै छ । तर यो तिनाहु नदी क्षेत्र र हाल जित गढी बनेको ठाउँबाट नेपाली सेनाले धेरै अङ्ग्रेज मारेकोले वीरताको निसानी पक्कै हो । पाल्पा मोहोडाको बुटवल क्षेत्रमा भयको यो लडाइँमा नेपालको सत प्रतिसत जित भएको थियो । नेपाल-अङ्ग्रेज युद्धमा पाल्पा क्षेत्रको नेतृत्व कर्नेल उजीरसिंह थापाले गरेका थिए । तानसेलगायत यस क्षेत्रमा हमला गर्न मेजर जनरल जोन सुलिवन उड करिव ५००० असरदार हतियारधारी फौज लिएर ३ जनवरी १८१५ को दिन बटौली (बुटवल) आइपुगे । तिनाउ नदीको किनारबाट नेपालीले स्पोइलिङ एट्याक गरे । धेरै अङ्ग्रेज फौज मरे । त्यसै गरी अन्यत्रबाट घुसपैठ भएको फौजलाई नुवाकोट र काठे गढीबाट बरवाद पारियो ।

नालापानीको युद्ध :

नेपाल-अङ्ग्रेज युद्धमा देहरादुनको नालापानी खोलानजिकको डाँडामा बनेको खलङ्गा किल्लामा बलभद्र कुँवरले महिला र पुरूषसहित करिव ६०० जनाको संख्यामा डिफेन्स लिएर बसेका थिए । उता अङ्ग्रेजको एक पृतना र पछि थप समेत हिसाब गर्दा ४ बाहिनी फौज थियो । त्यसबखतको प्रचलनअनुसार सैनिक अधिकृतहरूले आफ्ना श्रीमती र केटाकेटी पनि साथमै राख्ने भएकाले किल्लाभित्र महिला र बालक पनि रहेका हुन् । अङ्ग्रेजले हजारौं सैन्य र तोपखाना हतियार लगाइ यस किल्लामाथि २४ अक्टोबर देखि ३० नोभेम्बर १८१४ सम्म ३७ दिन लगातार हमला गरे । जनरल जिलेस्पी लगायत सयौं अङ्ग्रेजी फौज यस युद्धमा मरे । किल्लाभित्र पानी भकारीमा भण्डारण गरेको पिउने पानी सकिएपछि नेपाली सेनाले कारीब एक किलोमिटर तल गहिरोमा रहेको सागर दहबाट बोकेर ल्याइ पानी भकारीमा जम्मा गर्न पाएनन् । सो पानीको मुहान अङ्ग्रेजले कब्जामा लिइसकेको थियो । केही सीप नलागेपछि बलभद्र लगायत बचेका ७० जना जति नेपाली फौजले ३० नोभेम्बरको ०३:०० बजे बिहानै आफूखुसी किल्ला छाडिदिए । यो युद्धले नेपालीलाई साथ दिएन । युद्ध हारियो । तथापि, यो प्रतिरक्षात्मक युद्धले नेपालको इतिहासमा उच्च स्थान ओगटेको छ ।

देउथलको युद्ध

नेपाल-अङ्ग्रेज युद्ध भएको क्षेत्र मलाउँ किल्लाको ४०० मिटरभित्रै पूर्वतर्फ पर्दछ । नेपाली सेनाको इतिहासमा समेत देउथलको युद्ध भनिएको छ । देउथल यहाँबाट करिव १० किलोमिटर उत्तर विलासपुरतर्फ पर्दछ । यो युद्ध मलाउँकै हो, देउथलको होइन । सुरजगढ किल्ला सेनापति भक्ति थापाको हेडक्वार्टर थियो भने मलाउँ किल्ला बडाकाजी अमरसिंह थापाको गढवाल क्षेत्रको सेक्टर हेडक्वार्टर थियो । उक्त दुवै किल्लाहरू हात पार्न हजारौं अङ्ग्रेज फौजले १४ अप्रिल १८१५ देखि हमला गर्न सुरू गरेपछि त्यसको प्रतिकार गर्न नेपाली फौजको नेतृत्व ७३ वर्षीय भक्ति थापाले गरी १६ अप्रिलको ०४:०० बजेबाट अङ्ग्रेजसँग युद्ध सुरू गरे । अङ्ग्रेजलाई बर्वाद पार्ने प्रयासमा अगाडि बढ्दै जाँदा तीन पटकासम्मको प्रयासमा करिब ५ घण्टा जतिको युद्धपछि भक्ति थापाको छातीमा गोली लागी उनले त्यहीँ नै वीरगति प्राप्त गरे । यो युद्धले पनि नेपालीलाई साथ दिएन । ७३ वर्षको वृद्ध सेनापतिको यस्तो उच्च मनोवल र मातृभूमिप्रतिको समर्पण अरू कसैसँग पनि दाँज्न सकिन्न । सरदार अर्थात् कप्तान भक्ति थापाको वीरता र बलिदानीको कदर गरेर केही वर्षअगाडि केपी शर्मा ओली प्रधानमन्त्री हुँदा भक्ति थापालाई नेपालको राष्ट्रिय विभूति घोषणा गरिएको छ ।

गुन्ता गढीको युद्ध :

नेपालीप्रति तिब्बतले गरेको अमर्यादित व्यवहारबाट आजित भएपछि बाध्य भइ नेपालले प्रधानमन्त्री जंगबहादुर कुँवरको पहलतामा कुती, केरूङ, ओलाङचुङ गोला र हुम्ला-मुस्ताङ क्षेत्रगरी चारतिरबाट हमला गर्ने निधो गरेता पनि सुरूमा केरूङबाट जनरल बमबहादुर राणा र कुती धीरशम्सेर राणाले नेतृत्व गरेको फौजले कुती र केरूङबाट मात्र हमला भयो । ६ मार्च १८५५ मा काठमाडौं छाडेका १७ हजार फौजले तिब्बतमाथि पूर्ण विजय हासिल गरे । केरूङ क्षेत्रको गुन्तागढीमा भएको निर्णायक युद्धले भोटे फौज सन्धि गर्न बाध्य भए । तिब्बतसँग अन्तिमपटक भएको यो युद्ध थापाथलीको सन्धिबाट अन्त भएको थियो । बीचमा गएर यस युद्धको नेतृत्व प्रधानमन्त्री जंगबहादुर कुँवर स्वयंले गरेका थिए ।

भारतमा भएको सिपाही विद्रोह :

बृटिश इतिहासकारले 'सिपाही विद्रोह' र भारतीय इतिहासमा 'पहिलो स्वतन्त्रता संग्राम - सन् १८५७' भनेर चिनिने यस घटनामा नेपालले तत्कालीन बृटिस इण्डिया सरकारलाई १४ हजारभन्दा बढी फौज दिएर सहयोग गरेको थियो । पूर्ण सफलता पाएको यस सैनिक कारवाहीपछि नेपालको सैनिक सहयोगलाई कदर गर्दै, नेपाल-अङ्ग्रेज युद्धमा गुमाएको प्रदेशमध्ये बाँके, बर्दिया, कैलाली र कन्चनपुर नेपालले फिर्ता पाएको थियो । नेपालले विदेशीहरूलाई सैन्य सहयोग गरेको यो दोस्रो अभिलेख हो । यस कारवाहीमा लप्टन (पछि कमान्डर कर्नेल) बहादुर गम्भीरसिंह रायमाझीले देखाएको बहादुरी प्रशंसनीय थियो । यस सैनिक कारवाहीको नेतृत्व पनि प्रधानमन्त्री श्री ३ जंगबहादुर राणाले गरेका थिए ।

प्रथम विश्व युद्ध :

सन् १९१४-१८ सम्म भएको प्रथम विश्व यद्धमा तत्कालिन बृटिस-इन्डियाको सहयोगार्थ नेपालले २० पल्टन सेना पठाएको थियो । सो युद्धमा नेपाली सेनाले संवेदनशील क्षेत्रको सुरक्षाको काम गर्‍यो । काकुल र देहरादुन इलाकामा तैनाथ रहेको नेपाली फौजले भारतको विभिन्न क्षेत्रमा पनि काम गरेको थियो । यस युद्धमा फष्ट राइफल, कालीबक्स, पुरानो गोरख, देवीदत्त, कालीबहादुर, बर्दबहादुर, शम्सेरदल, जब्बरजंग, पशुपति प्रसाद, रामदल, शेर, सिंहनाथ, महिन्द्रदल, नयाँ गोरख, सबुज, बरख, भैरवनाथ, दोश्रा राईफल, भैरूङ र श्रीनाथ गणले भाग लिएका थिए ।

अफगान युद्ध :

प्रथम विश्व युद्धपछि अङ्ग्रेज र अफगानीहरूको तेश्रो पटकको युद्ध हुने निश्चित भएपछि २ जुन १९१९ मा अङ्ग्रेजको अनुरोधमा नेपालले पशुपति प्रसाद गण, भैरवनाथ गण, दोश्रा राइफल र भैरूङ चार पल्टनमा २०९७ जना फौज पठायो । अवोदावादमा जम्मा भइ मर्दन र नौसेरामा तालिमी सैनिक अभ्यास गर्दा गर्दै अफगानहरू भागेकाले खासै युद्ध भने गर्नु परेन । अङ्ग्रेजहरू र पछि रसियनहरूलाई समेत पटक-पटकको युद्धहरूमा अफगानीहरूले हराए भने हाल सोही क्षेत्रमा अमेरिकी फौज युद्ध पनि हार खाएर फर्किसकेका छन् । वास्तवमा, नेपाली सेनाले सिक्नुपर्ने युद्धकला भनेको अफगानी सेनासँग हो । गरीब र सानो देसले बिस्वका सक्ती राष्ट्रहरूलाई हराएरै छाडेका नजीर छन् ।

वजिरीस्तानको युद्ध :

वजिरीस्तानको मसुद जातिले अङ्ग्रेजविरूद्ध विभिन्न आतङ्क गरिरहेका थिए । अङ्ग्रेज सरकार प्रथम विश्व युद्धमा फसेको बेलामा मसुदहरूले कडाइको साथ संघर्ष सुरू गरे । भारतका भाइसरायको अनुरोधमा १६ जुन १९१७ मा प्रथम विश्व युद्धमा खट्टिएका नेपाली फौजमध्येबाट फष्ट राइफल गण, महेन्द्र दल गण, भैरवनाथ गण र भारतीय फौजको संयुक्त कारवाहिमा सयौं आतंककारीहरू मारी सफलता प्राप्त भएको थियो । यस कारवाहीमा उदाहरणीय साहसिक कार्य गरेवापत नेपालमा पहिलो पटक फष्ट राइफल गणको सुवेदार चन्द्रबहादुर कार्की (पछि कर्नेल)ले मिलीटरी क्रस तक्मा पाएका थिए । उनी ओखलढुङ्गामा जन्मेका थिए । प्रथम विश्व युद्धमा नेपालीको इमान्दार सहयोगबाट अङ्ग्रेज सरकार प्रभावित भइ नेपाललाई पूर्ण स्वतन्त्र राज्यको मान्यता दिए । त्यसैगरी श्री ५ महाराजाधिराजलाई 'हिज हाइनेस'को सट्टा 'हिज मेजेष्टी', प्रधानमन्त्रीलाई 'हिज एक्सेलेन्सी'को सट्टा 'हिज हाइनेस', 'नेपाल दरबार'को सट्टा 'गर्भमेन्ट अफ नेपाल'को सम्मानको अतिरिक्त वार्षिक दश लाख रूपैयाँ प्रदान गरेको थियो । अन्तमा, माथि लेखिएका बाहेक नेपाली सेनाले अन्य धेरै लडाइँहरू लडेको छ । पछि फेरि लेखिने छ । यो लेखमा दिइएका मितिहरू विक्रम र इस्वी सम्वत् दुवैमा लेखिएकोमा बुझ्न अप्ठेरो पर्न गए इस्वी सम्वतमा ५७ वर्ष थप गरेर विक्रम सम्वत् बनाउन सकिनेबारे पङ्क्तिकार जानकारी गराउँछ ।

# नेतृत्वको ऐतिहासिक कमजोरीहरू

राजनैतिक सीमाले सीमित भएर टाढिनु हुँदैन । 'शान्ति वाचन' कल्याण गर्ने मार्ग हुन् । दश नियम र नित्यकर्म आफूलाई संयम राख्ने पथ हुन् । आफ्नो सुख प्राप्तिका लागि अर्काले पनि सुख पाउँदछ भने मात्र त्यो कार्य गर्न हुन्छ । अर्कालाई पीडा दिएर आफूलाई आनन्द हुने काम गर्न हुँदैन । प्रत्येक नागरिकलाई यस्तो ज्ञान निःशुल्क उपलब्ध गराएर चरित्रवान् नागरिक बनाउन ऋषिहरूले गुरूकूल शिक्षा (विद्यालय) तथा पुराण लगाउने (घुम्ती शिक्षालय) को विकास गरेका थिए । करोडौं वर्ष देखि यस भूभागका पूर्वजले सेना, प्रहरी र न्यायालयको खाँचो नपर्ने समाजको व्यवस्था गरेका थिए । उनीहरूको यो परिकल्पना व्यक्ति बिशेषको नभएर प्रयोग शिद्ध सूत्र हुन्थे । त्यसैले त्यो सर्बमान्य हुन्थ्यो, सनातन बन्दथ्यो । कार्ल मार्क्सको अनार्किजम (ब्लबचअजष्क) त्यही ज्ञानको पुनरावृत्ति मात्र हो । कौटिल्य आदिले त्यही धर्म-राज्यलाई समयसापेक्ष रूपमा व्यवस्थित मात्र गरेका थिए । त्यसले लामो कालसम्म शासन सत्ता सञ्चालन गर्न सहयोग पुगेको हो ।

**प्रजातन्त्र**

वैदिक शासन व्यवस्थामा पूर्ण 'प्रजातन्त्र' हुन्छ । 'प्रजातन्त्र' वैदिक शासन पद्धतिको उत्तम सूत्र हो, जुन प्रत्येक व्यक्ति, प्रत्येक घर, प्रत्केक यसमाज र प्रत्येक राष्ट्रले समान रूपले अभ्यास गर्दछन् । वैदिक शासनमा राजाले नदी, वन बृक्ष, कीट पतङ्ग, नभचर जलचर, स्थलचर सबैमा समान न्याय गर्नँ पर्दछ । वातावरणीय संतुलन कायम गर्नुपर्दछ । प्रकृतिमा जन्मेका सबैलाई निस्पक्ष भएर संरक्षण, संबर्धन, सेवा प्रदान गर्नँ पर्दछ । यही हेतुले शासन गर्ने भएकोले 'प्रजातन्त्र' भनिएको हो । अग्रेजी भाषामा प्रजातन्त्रको शब्द छैन । तिनले प्रयोग गर्ने डेमोक्रेसीको नेपाली अनुबाद लोकतन्त्र हो । लोकतन्त्रमा मानव जातीको हकअधिकारको मात्र कुरा हुन्छ । प्रजातन्त्रको ठाउँमा लोकतन्त्र प्रयोग गर्नँ गलत हो । किनकि त्यो शब्दले मानिस जातिलाई मात्र बुझाउँद छ ।

पूर्वीय शासन पद्धतिमा मृत्यु दण्डको व्यवस्था हुँदैन । जुन कुरा बिनाश गरेर पुनः त्यस्तै बनाउन सकिँदैन, त्यसको बिनाश गर्न पाइँदैन । तिनताक ज्ञान द्वारा मानसिक परिवर्तन गर्नु नै राज्यको ठूलो दायित्व थियो । त्यसको अभिभारा गुरू र पुरोहितले लिनु पर्दछ । गुरूकुल स्थापना गर्नु पर्दछ । शिक्षा पूर्णरूपेण निशुल्क हुनु पर्दछ । कोही पनि शिक्षाको ज्योतिबाट बञ्चित हुनु हुँदैन भन्ने उतिखेरको मान्यता थियो । यो मान्यताकै कारण अनेक सकारात्मक परिणति आएको थियो ।




आज नेपाल र नेपाली शान्ति र सन्तुष्टिबाट बिमुख हुन बाध्य भएका छन् । माओवादीको हठ, नेकाँको अकर्मण्यता, एमालेको लाचारी र दरबारको पुरातनवादी परंपराले थिचिएको नेपाल जति सुन्दर र समुन्नित हुने संभावना बोकेको भए पनि तिनको अव्यवस्थाले देशलाई दलदलमा फँसाइ रहेका छन् । यिनीहरू सबैले शान्ति प्रक्रियाका सबै उपलब्धि ध्वस्त पारिरहेका छन् । एउटा दलका आधा दर्जन व्यक्तिको स्वार्थकालागि सिंगो मुलुकले किन दुःख र पीडा बोक्न परेको हो ? साधारण जनताले बुझेकाछन् तर उपाय पाएका छैनन् । किनभने तिनको संगठन छैन । यसैले महर्षिले 'संघेशक्ति कलौयुगे' भनेका रहेछन् । अब नेपालले उग्र पश्चिमी भौतिकबादको ईशाई धार छाडेर वैदिक शासनपद्धतिलाई पुनर्स्थापन गर्नँ आजको खाँचो हो ।

**वैदिक साम्यबाद**

साम्यबाद पद्धति वैदिक काल देखिको हो । कार्लमार्कसले त्यसलाई परिमार्जन गरेर सर्बहाराको तानाशाहीमा परिणत गराएका हुन् । कार्लमार्कको साम्यबाद पुरापुर तानाशाही, एक व्यक्तिको तानाशाही, एक दलको तानाशाही हो । वैदिक साम्यबादमा बिचार स्वतन्त्रता हुन्छ । स्वआर्जनको निजि सम्पत्ति पनि हुन्छ, आफ्नो आर्जन आफुखुसी गर्न पनि पाइन्छ । फरक यत्ति हो कि समाज अति धेरै उचो नैतिक भएको बनाइएको हुन्छ । यो नैतिकता ज्ञान, शिक्षा र नित्य कर्मबाट बनाइएको हुन्छ । पीडी शिक्षाबाट संस्कार निर्मित हुन्छ । संस्कार र ज्ञानले गर्दा कसैले पनि आफुलाई चाहिने भन्दा बढि स्वइच्छाले बिपन्न, असक्त वा धार्मिक अनुष्ठानलाई दान दिन्छन् । कोही अति धनी हुँदैन, कोही अति बिपन्न हुँदैन ।

परिबार संयुक्त हुन्छन् । संयुक्त परिबार भनेको परिबारको ज्येष्ठ जन जिबित भएसम्म सगोलमा बस्ने हो । सामान्य तया यसमा बाजे बज्यै, छोरा बुहारी र नाति नतिनी हुन्छन् । बाजे बज्यै, यदाकदा जिजुबाजे जिजु बज्यै, रहे सम्म परिबारका सबैको कमाई साझा हुन्छ । खाना एउटै भान्सामा हुन्छ । परिबार भित्र प्रजातन्त्र हुन्छ, तर घरमुलिको निर्णय अन्तिम हुन्छ । घरका असक्त, बाल र बृद्धको बिशेष रेखदेख गरिन्छ । कसैले गरेन भने त्यसको अनुगमन समाजले गर्दछ । सर कारले पनि गर्नुपर्छ । आजकल नियति दुःखदायी देखिदै गएको छ ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८१-८२
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८२ असार १०, June 24, 2025



अन्तिम पातो – शाश्वत शर्मा

# राष्ट्रवाद र नेपाली जनता

गत चैतदेखि राजधानीमा आम नेपालीहरूले असाधारण प्रदर्शनको आयोजना गरेका थिए । फेरि सेलायो । बिस्तारै राजतन्त्र र हिन्दुवादी तात्ने सुर गरिरहेका छन् । वर्षायाम र खेतीको समयका कारण र राजतन्त्रवादीवीच नै फूटका कारण आन्दोलन तुहिएको हो । राप्रपाले राजतन्त्रवादी आन्दोलन चर्काउने कुरा गरेको छ । केशर बिष्ट अब हामी आन्दोलन गर्छौं र यो आन्दोलन अन्तिम हुने र आन्दोलनले परिवर्तन ल्याउने फुइँकी दिएका छन् ।

केही वर्ष अघि पाकिस्तानमा पनि यस्तै प्रदर्शनको आयोजना गरिएको थियो र ३५ हजारभन्दा बढी युवाहरूले 'मानव झण्डा' बनाइ विश्व कीर्तिमान बनाउन स्वत:स्फूर्त रूपमा कार्यक्रम सम्पन्न गरेका थिए । त्यस्तै गत ३ महिनाभित्र भएका नेपाल भरिका जनता राजधानी आएर गरेको आन्दोलन देख्दा लाग्थ्यो नेपाल सुरक्षित छ । नेपाली राष्ट्रवाद जिवन्त छ । जब युवाहरूमा नै आफ्नो देशप्रति यतिबिघ्न प्रेम देखिन्छ भने त्यो देश असुरक्षित हुने कुरै भएन । दक्षिण एसियामा श्रीलंका होस् कि बंगलादेश, परिवर्तन युवाले नै ल्याउका हुन्, नेपालमा परिवर्तन नहुने कुरै छैन । समस्या अगुवाको छ, नेतृत्वको छ । नेतृत्व नेतृत्ववीच नै मत र मन भिन्नता भएपछि आन्दोलन सफल हुने कुरै भएन । जब परिवर्तनकारी शक्ति विभाजित हुन्छन्, भ्रष्ट र निरंकूश शासक शक्तिशाली बन्नु स्वभाविक हो । फेरि एकपटक युवाहरूले पहिलेजस्तै झण्डाको प्लेकार्ड बोकेर नेपालको झण्डा एकलाख दश हजार स्क्वायर फिट ठूलो बनाएर 'नेपालको मानव झण्डा' बनाउन जरूरी छ, यही र यस्तैखाले शान्तिपूर्ण झण्डा आन्दोलनले परिवर्तन ल्याउनेछ ।

जनता जाग्नुपर्छ, बिना कुनै दबाब, बिना कुनै लोभलालसा र बिना कुनै व्यक्तिगत स्वार्थ नेपाली युवाहरू र प्रौढहरूले देशप्रेम प्रकट गर्नुपर्छ । त्यसपछि जाग्छ नेपाली राष्ट्रवाद ।१८ वर्षदेखि भ्रष्टहरूका कारण खासगरी देशप्रेमको खडेरी लागेको बेलामा नयाँ पुस्ता, जो जोश र जाँगरले भरिपूर्ण देखिनुपर्छ । जनता सडकमा बिद्रोह गर्न उत्रनुपर्छ । यसरी कार्यक्रम गर्नथाले, गरे भनेदेखि मुलुक चलाउने नेताहरूलाई पनि दबाब सिर्जना हुनजाने विश्वास गर्न सकिन्छ गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता आदि इत्यादिलाई संस्थागत गर्ने नाममा अहिले जेजस्ता कूकृत्यहरू गरिदैछन्, जेजस्ता अस्वभाविक काम कुराहरू भइरहेका छन्, ती नीति र नैतिकहीन छन्, बेइमानीले प्रजातन्त्र बाँच्न सक्दैन । प्रजारञ्जन गराउन सक्दैन । त्यो पद्धति लामो समय टिक्न पनि सक्दैन । देशमा यही भइरहेको छ ।

देशप्रेमयुक्त बिरोध कार्यक्रमको पूर्ण समर्थन गर्नेहरूमा आमनागरिक मात्र होइन, पार्टीका कार्यकर्ताहरू पनि छन् । तर बिद्रोहकै लागि सडकमा उत्रन किन हो कञ्जुरी गरिरहेका छन् । हुन त बिद्रोह, आन्दोलनको नेतृत्वमा नै भाँडभैलो भएपछि जनता बिभाजित हुनु स्वभाविक हो, आन्दोलनले गति नपाउने र सेलाउनु पनि स्वभाविक हो । आम नेपाली राष्ट्रभक्त छन्, त्यसमा कुनै शंका नै भएन । बुद्धिजीवी, चिन्तक र थिङ्क टेंक नै पार्टी पछुवा भएपछि विवेक शून्यता देखिन्छ । दही फटाउन अमिलो निचोरे झैं हुन्छ । राजतन्त्र र हिन्दुवादी, संघीयताविरोधीको आन्दोलनका गति मति सत्ताको फुटाउ र राजगरको नीतिमा लटपटिनुका कारण निर्णायक बन्न नसकेको हो । र, नेतृत्वको पिछलग्गु भएर कार्यकर्ता नामका युवाहरू पार्टी र नेताको 'अन्ध समर्थन' गर्नुले पनि परिवर्तन पर धकेलिएको छ । मुलुकको आवश्यकता र वास्तविकता के हो ? के गरेपछि मुलुक, मुलुकवासीको स्वार्थको रक्षा हुनसक्छ ? किन गणतन्त्र गनायो ? किन कुनै पनि नेता सभ्य र प्रजातान्त्रिक देखिदैनन् ? किन सबै नेता जनताको आँखामा बिझाएका हुन् ? त्यतातिर ध्यानदृष्टि दिएर अवका दिनमा आमनागरिक जुर्मुराउन जरूरी भइसकेको छ ।

अहिले संसद गाउँले आइमाईको पधेंरे झगडाजस्तो छ । प्रमुख प्रतिपक्षी सत्तापक्षमा लागेको देखिन्छ । ससाना पार्टी चिच्याइरहेका छन्, दुई तिहाईको कांग्रेस एमालेको सरकार बेवास्ता गरिरहेको छ, पूर्व एमाले नेता देवराज घिमिरे सत्तापक्षमा लागेर संसदको मर्यादालाई समेत नाघेर जबरजस्ती सत्ता चलाइरहेका छन् । सत्तापक्षले बजेट संसदमै च्यातेका छन्, सांसदले बजेट ठूला नेताहरूको गृहजिल्लामा खन्याएको आरोप लगाउँदा पनि सत्तापक्ष नीति, नैतिकतामा देखिदैन । भिजिट भिसामा गृहमन्त्री मुछिएका अनेक प्रमाण देखिएपछि उनलाई राजनीतिमा गराएर छानबिन आयोग बनाएको भए संसद सुचारू हुनेथियो, पेल्ने नीतिका कारण कांग्रेस, एमाले र तिनकै पछि पछि लागेको प्रमुख प्रतिपक्षी माओवादीसमेत आलोचित देखिन्छ । देशमा राजनीतिक मुद्दाको अन्त्य भएन ।१८ वर्षमा संक्रमणकालीन मुद्दाको किनारा पनि लागेन । राजाले सहमति, संवाद र सहकार्यका लागि गरेको आह्वान नमान्दा देश अराजक र अस्थिर बन्दै गएको छ । किन विवेक शून्यता ?

# देश त ठूला नेताहरूको खुवा बिर्ताजस्तो पो भयो

फणिन्द्र राज पन्त –

नेपालबाट २४० वर्ष पुरानो बैध राजतन्त्र गयो । त्यो कुन कानुनले गयो र कुन कानुनले रोक्न सक्छ ? २०४७ सालको बैध संविधान गयो । अन्तरिम संविधान आयो । कुन कानुनले गयो र कुन कानुनले रोक्न सक्यो ? देशबाट राजा गए । राष्ट्रपति आए । कुन कानुनले गए । कुन कानुनले आए ? कुन कानुनले रोक्न सक्यो ? त्यसरी नै करोडौंको संख्यामा विदेशीलाई नागरिकतामात्र होइन दोहोरो नागरिकतासमेत दिइयो । कुन कानुन अन्तर्गत दिइयो । कुन कानुनले रोक्यो ? आधिकारिक सीमा र नक्सा ध्वस्त भए । कीर्ते सीमा र नक्सा तैयार भए । कुन कानुन अन्तर्गत भए र कुन कानुन अन्तर्गत गए । कुन कानुनले रोक्यो ? त्यस्तै जलश्रोतमा । विद्युतमा र राष्ट्रका सर्वाङ्गमा किन रोक्न सकेन कुनै कानुनले पनि ? आवधिक समय तोकेर जनताले गठन गरेका संस्थाहरू पनि जनादेश विपरित स्थायी खुवा बिर्ताको रूपमा परिणत हुँदैछन् । खोई कुन कानुनले रोक्यो त त्यसलाई पनि ?

जब कुनै देशमा राष्ट्रिय शक्तिको पतन हुन्छ । शासन प्रशासनमा उसको नियन्त्रण सकिन्छ । विदेशी शक्तिको हस्तक्षेप बढ्छ । जकड मजबुत हुन्छ अनि त्यहाँ उसले भयको राज्य । रेन अफ टेरर खडा गरिदिन्छ र त्यसको शक्ति नै कानुन भएर लागू हुन्छ । अहिले नेपालमा बाहुबलीतन्त्र भएको पनि यही हो ।

राष्ट्रवादको पतन रणनीतिक ढंगबाट गरिन्छ र जातिवादलाई अत्यधिक रूपमा उछालेर देशलाई अविरल रूपमा अन्तरसंघर्षद्वारा गृहयुद्धको दलदलमा फसाइन्छ । देशमा वर्ग समन्वय र सामाजिक सद्भावना बिथोलेर बर्ग संघर्ष र जातीय संघर्षलाई उतारिन्छ र अर्थतन्त्र चौपट गराइन्छ । जातीयताका आधारमा प्रान्त बिभाजन र आत्मनिर्णयको अधिकारलाई अग्र प्राथमिकतामा पारेर भविष्यमा आफ्नो दुराशय पूरा गर्ने लक्ष्य तय गरिन्छ । कानुन र संविधानको व्याख्यामा भयात्मक अवरोध खडा गरिन्छ र जुनसुकै कानुनी उपचारको उपाय आवश्यकताको सिद्धान्तमा लगेर टुङ्ग्याइ दिएको हुन्छ । त्यसरी नै अवैध असमान तथा करकापका सन्धिहरूलाई प्रयोगमा ल्याइन्छ र न्यायिक सन्धिहरू दुर्लभ गराइन्छ । उपरोक्त सबै कृत्यहरूलाई कुन कानुनले रोक्न सक्यो ? र शरद सिंह भण्डारीजस्ता नेता १० पल्ट मन्त्री बने, देउवा ५ पल्ट, प्रचण्ड ३ पल्ट, ओली ३ पल्ट प्रधानमन्त्री भए, खोई के भयो ? देशका हरेक नेता भ्रष्टाचारमा, नैतिकतामा बदनाम छन्, कहाँ छ विधिको शासन ?

इमान्दार देशभक्तहरूको भलो नहोस् भन्ने जोर सतीको श्राप खेपिरहेका नेपाली जनताले अव आएर साना साना भुरेटाकुरे, बाइसेचौबिसे, गाउँगाउँ, सहरिया राज्यहरूलाई ठूलो परिश्रमका साथ एकिकरण गरी चार जात छत्तीस वर्णको साझा फूलवारी घोषणा गरी सबै नेपालीहरूको सौर्य, चातुर्य र देशभक्तिमा पूर्ण आस्थावान भई भविष्यका लागि मार्गदर्शन सहित साझा जिम्मेवारीमा छाडी श्री ५ पृथ्वीनारायण स्वर्गारोहण भएको कुरा विश्वव्यापी नै छ । पृथ्वीनारायण शाहका उक्त सदाशयतालाई धेरै वर्षसम्म वीर नेपालीहरूले शिरोधार्य गरिरहे । बैरीका बर्कत र मायावी खेलका अगाडि टिक्न गाह्रै थियो ता पनि राजा महेन्द्र, वीरेन्द्र, वीपी कोइराला, मदन भण्डारीका शेषभरि नेपाल बचाउने आन्दोलन सशक्तरूपमा चलिनै रह्यो । अहिले ज्ञानेन्द्रले पृथ्वीपथ भन्दा भ्रष्टहरूको टाउको दुखेको छ ।

उत्तरमा चीन, दक्षिणमा भारतजस्ता शक्तिशाली मुलुकको वीचमा अवस्थित सानो देश नेपालको ठूलो प्राकृतिक श्रोत र बैभव खोस्नपर्ने दबाबलाई बुझेर दुई ढुंगाको तरूलको संज्ञा दिएर नाजुक अवस्थाको सधैंका लागि चेत खोलिदिएर सकारात्मक तटस्थता अर्थात पोजिटिभ न्यूट्रालिटीको स्थायी परराष्ट्रनीतिको जग हालिदिएर श्री ५ पृथ्वी स्वर्गे भएको आज यतिका वर्षपछि यी आजका पार्टी र नेताहरू एकतर्फी अवसरवाद र दक्षिणतर्फ समर्पित भएर नेपालको सन्तुलनमात्र बिगारेका छैनन् कि अस्तित्वलाई पनि खतरामा पुर्‍याए ।

पृथ्वीनारायण शाहका पालाका चार जात, छत्तीस वर्णमा ब्राम्हण, क्षेत्री, नेवार, शेर्पा, तामाङ, मगर, गुरूङ, राई, लिम्बु, थारू, राजवंशी, मैथिली, भोजपुरी, अवधि, सन्यासी, कामी, दमाई, सार्की, सुनार, चमार, मेहतर आदि इत्यादि सबै तराई, पहाड, हिमालवासीहरूको एउटै साझा फूलवारी कायम गरी अनेकतामा एकताबद्ध गराई एकजात नेपाली खडा गरेर राष्ट्रियताको जग मजबुत गराएर श्री ५ पृथ्वी स्वर्गे भएको यतिका वर्षपछि यी दलहरू विदेशीका छलमा फसेर अनेकौं जातिवादी मोर्चा कसेर गृहयुद्धमा देशलाई फसाउँदैछन् । कैले नदेखेका करोडौं विदेशी मधेसे, नेपालमै नभएका मंगोलियन संगठन, नयाँ तिवेतियन नेपाली समेतका विविध संग्रामशील जातिवादी अखडा खोलेर नेपाललाई अफगानिस्तान सरह निरन्तर गृहयुद्धमा फसाउने यी नेताहरूले अवस्य अर्को श्राप पनि भेट्नेछन् । नेपाली स्वजातिलाई मेटाएर विदेशी कूजाति, बार्बेरियनलाई बढाउने, बार्बेरियन बन्ने यी नेताहरूको अल्पदृष्टि आलोच्य छ ।

परिवर्तनको १८ वर्षमा देश भ्रष्टाचारका काण्डैकाण्डले दुर्गन्धित भइसक्यो । अमेरिकाले फ्रडमात्र भनेन, मानव तस्कर र दण्डहीन मुलुक भनिसक्यो । नेपाल विश्वदृष्टिमा ग्रे लिष्टमा परिसक्यो । नेपालको विश्वसनीयता घट्दो छ । ब्ल्याकलिष्टमा परिहाल्यो भने नेपाल र नेपालीको कुन बिजोग होला ?

यी सबै कलंक बिर्सेर नेताहरू गणतन्त्रमा रामराज्य छ झैं प्रचार गरिरहेका छन् । नेपाल युवा निकासी गर्ने कारखाना बनिसक्यो । उद्योगधन्दा सबै बन्द भएका छन् । दैलेखमा पर्याप्त ग्यास फेला पर्‍यो, चिनियाँ कम्पनीले पत्ता लगाएको भनेर दक्षिणाको टाउको दुखेको छ र त्यसलाई रोक्ने साजिस सुरू भइसक्यो । राजनीतिक बिबाद चर्कदो छ, संसदमा झगडा छ, सत्तामा भ्रष्टाचार र अनियमिततामात्र छ । भएका ७६१ सरकार भ्रष्टाचारले बदनाम छन् । प्रश्न यत्ति छ, यहाँ एकछत्र भारतीय विस्तारवाद, पश्चिममा पूर्जावादको रामराज्य कायम भएको छ । नेपालको अस्तित्व संकटमा छ, यहीको लोकतान्त्रिक गणतन्त्रले दिएको उपहार ।

## डिजिटल कारोवार बारे सचेत बनौं

डिजिटल बैंकिङ्गको सुरक्षाका लागि–

- OTP, पासवर्ड र PIN नम्बर कसैलाई पनि नदिऔं,
- आधिकारिक एप वा वेबसाइटबाट मात्र बैंकिङ सेवा प्रयोग गरौं,
- सार्वजनिक WI-FI प्रयोग गरी कारोवार नगरौं,
- अपरिचित व्यक्ति वा फोन कलमार्फत प्राप्त हुने प्रस्तावमा विश्वास नगरौं,
- शंकास्पद लिङ्कमा क्लिक नगरौं,
- मोवाइल वा कम्प्युटरमा सुरक्षित पासवर्ड, एण्टीभाइरस राखौं,
- अनलाइन ठगीको आशंका लागेमा तत्काल सम्बन्धित बैंक वा नजिकको प्रहरीमा खबर गरौं ।

डिजिटल कारोवार सुरक्षित बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कृषिमा आधुनिकीकरण गरौं

- कृषिमा आधुनिक प्रविधिको प्रयोग गरौं,
- बैज्ञानिक खेती पद्दतीको विकास गरौं,
- उन्नत बीउ र जैविक मलको प्रयोग गरौं,
- सिंचाइ प्रणालीमा सुधार गरौं,
- सिंचाइ नभएको स्थानमा बोरिङ र पम्पसेट प्रयोग गरी सिंचाइ गरौं,
- परम्परागत विषादीको प्रयोग गरी किराफट्याङ्ग्रा नियन्त्यण गरौं,
- बजार ब्यस्थापन प्रणालीको विकास गरौं,
- कृषक समूहमा आवद्ध भई ज्ञान आदान–प्रदान गरौं,
- कृषि प्राविधिकको सहयोग र सल्लाह लिने गरौं ।

कृषि क्षेत्रमा आत्मनिर्भर बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

